सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवासुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झन्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवाप्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 13 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५५

## श्री ३ चन्द्र माविमा अनियमितता गर्न गैरकानूनी समिति गठन भएको अभिभावकहरूको आरोप



श्री ३ चन्द्र मावि र विव्यसका अध्यक्ष सोनार र प्रअ तिवारी। तस्वीर: प्रतीक

राधेश्याम पटेल, परवानीपुर, २६ असोज/

कलैया उपमहानगरपालिका-१ स्थित श्री ३ चन्द्र माविको विद्यालय व्यवस्थापन समिति गठनमा अनियमितता भएको छ।

विद्यालयमा आर्थिक अनियमितता गर्नको लागि विव्यस गठन भएको अभिभावकहरूको आरोप छ। गत भदौ ५ गते अभिभावक भेला बोलाइएकोमा सीमित अभिभावकहरूको सहभागितामा हरिओम साह सोनारको अध्यक्षतामा विव्यस गठन भएको थियो।

केही अभिभावकहरूले गैरकानूनीरूपमा विव्यस गठन भएको भन्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा रिट हालेका थिए। असोज ८ गते अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको र असोज २२ गते दुवै पक्षलाई छलफलको लागि हाजिर हुन आदेश गरेको थियो। केही प्राविधिक कारणवश असोज २४ गते सुनुवाइ हुने मुद्दामा तारेख लिएकोले कात्तिक १४ गते दुवै पक्षलाई बोलाइ सुनुवाइ गर्ने आदेश गरेको छ।

विव्यसका अध्यक्ष हरिओम सोनार प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण नभएको आरोप लगाइएको छ। माध्यमिक विद्यालयको विव्यसको अध्यक्ष हुनको लागि प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीण गरेको हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ। साथै अभिभावकहरूले विव्यसको अध्यक्ष हुनको लागि विद्यार्थीको अभिभावक हुनुपर्ने अनिवार्य भएपनि सोनारका छोराछोरी सो विद्यालयमा नपढ्ने गरेको बुझिएको छ।

२०७४ सालमा मानमत-मटिअर्वा सडकखण्डमा विद्यालयको जग्गा पर्दा सोको मुआवजाबापत रु ८० लाख विद्यालयको खातामा आएको थियो। सोही रकम हिनामिना गर्नलाई पनि गलत तरीकाले विव्यस गठन गरिएको अभिभावकहरूको आरोप छ। यस विषयमा प्रधानाध्यापक नरेन्द्र गिरीले कलैया उपनपाका शिक्षा शाखा प्रतिनिधिको रोहबरमा सहमतिमा विव्यस गठन भएकोले यस विषयमा प्राविधिक कुरा मिलेको छ वा छैन भन्नेबारे आफूले केही बोल्न नमिल्ने बताए।

विव्यसका अध्यक्ष सोनारले आफूमाथि लागेका सबै आरोप निराधार भएको र विद्यालयको मुआवजाको रकम विद्यालयको खातामैं रहेको जानकारी गराउँदै अदालतमा परेको रिट सम्बन्धमा अदालतले जे आदेश गर्छ, आफूले पालना गर्ने बताए। उनले आफू कक्षा १२ उत्तीर्ण नभएको स्वीकार्दै विद्यालयमा क्षति पुऱ्याउने आफ्नो सोच नभएको र अभिभावकहरूकै सुझावमा अध्यक्ष चयन भएकोसमेत बताए।

## पोखरिया नगरपालिकामा अख्तियारको छापा अपाङ्गतासम्बन्धी निर्णयपुस्तिका लग्यो



तस्वीर: फाइल

प्रस, पोखरिया, २६ असोज/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडास्थित कार्यालयले पोखरिया नगरपालिकामा छापा मारी केही आवश्यक कागजात नियन्त्रणमा लिएको छ।

अख्तियारको हेटौंडा कार्यालयका शिशिर श्रेष्ठको नेतृत्वमा पोखरिया नपामा बिहीवार छापा मारिएको र अपाङ्ग समन्वय समितिले गरेको निर्णयपुस्तिकासहितको कागजात नियन्त्रणमा लिएर गएको थाहा हुन आएको छ। पोखरिया नपाकी पूर्वउपप्रमुख सलमा खातुनको संयोजकत्वमा अपाङ्ग समन्वय समिति बनेको र सो समितिले गरेको निर्णयका पुस्तिकाहरू अख्तियारले लगेको बताइएको छ।

तत्कालीन समितिमा अमिरकाप्रसाद चौहान, नवल ठाकुरलगायत थिए। अपाङ्गताको प्रमाणपत्र दिने क्रममा अनियमितता भएको आरोप लाग्दै आएको छ र यसैको आधारमा आज अख्तियारले छापा मारेको हो।

अपाङ्ग भएकाहरूलाई तीन तहको प्रमाणपत्र दिइन्छ र सोही अनुसार उनीहरूले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन्। अपाङ्गता प्रमाणपत्र दिने क्रममा अनियमितता भएको सम्बन्धमा अख्तियारले ढिलो गरी छानबीन शुरू गरेको हो।

## वीरगंजबाहेक पर्साका ग्रामीण क्षेत्रमा खसीको मासु सस्तो



तस्वीर: फाइल

प्रस, पोखरिया, २६ असोज/

वीरगंज महानगरपालिकाको तुलनामा पर्सा जिल्लाका अन्य पालिकाहरूमा खसीको मासुको मूल्य कम छ। वीरगंजमा गत वर्षदेखि रु एक हजारदेखि एक हजार एक सयमा प्रतिकिलो खसीको मासु बिक्री भइरहेको छ भने ग्रामीण क्षेत्रमा आठ सय रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ।

वीरगंज महानगरका केही ठाउँमा मात्र छालासहितको मासु बिक्री हुन्छ तर ग्रामीण क्षेत्रका अधिकांश ठाउँमा छालासहितको मासुको माग बढी छ। वीरगंज महानगर कटेसँगै विन्ध्यवासिनी, बहुअर्वाभाठा, पोखरिया, लङ्गडी, जानकीटोला, मसिहानी, ठोरीलगायतका क्षेत्रमा छालासहितको मासुको माग बढी छ। यो क्षेत्रमा अधिकांश छालासहितको मासु बिक्री भइरहेको पाइन्छ।

पोखरियामा छालासहितको मासु रु आठ सय र छालारहित मासु नौ सय प्रतिकिलो छ। लङ्गडी, जानकीटोलामा छालासहितको मासु आठ सय प्रतिकिलो बिक्री भइरहेको छ भने ठोरीमा हालै दुई महीनादेखि नौ सय गरिएको छ। त्यसअघि आठ सयमा बिक्री हुन्थ्यो। मसिहानीमा पनि नौ सयमा मासु बिक्री भइरहेको छ भने विन्ध्यवासिनी, बहुअर्वाभाठामा प्रतिकिलो एक हजारमा बिक्री भइरहेको छ।

ग्रामीण क्षेत्रमा बोइलर कुखुरा रु ३६० देखि ३८० प्रतिकिलो छालासहित बिक्री भइरहेको छ।

## पूर्वप्रमुख डा कृष्ण पौडेल रहेनन्



तस्वीर: प्रतीक

प्रस, वीरगंज, २५ असोज/

जीतपुरसिमरा उपमहानगरपालिकाका पूर्वप्रमुख डा कृष्ण पौडेल घरमा मृत फेला परेका छन्।

बिहीवार साँझ उनी वडा नं २ स्थित घरमा मृत फेला परेका हुन्। पत्नी काठमाडौं गएकी र आज घर फर्किंदा उनी मृत फेला परेका थिए। पत्नी अस्ति काठमाडौ गएकी थिइन्। डा पौडेलले हिजो मधेस प्रदेशको जनकपुर अधिवेशनमा जाने भनेका थिए। उनी मधेस प्रदेश एमालेका सचिव हुन्। पत्नी घरमा आएपछि साँझ उनी मृत फेला परेका थिए। प्रहरीले मृत्युको कारण खुलिनसकेको र शल्यपरीक्षणपछि वास्तविकता थाहा हुने बताएको छ।

२०७४ सालमा डा पौडेल जीतपुरसिमरा उमनपाका प्रमुखमा विजयी भएका थिए।

## बारा प्रहरीद्वारा पाँचजना नाबालिकाको उद्धार



तस्वीर: सौजन्य

प्रस, वीरगंज, २६ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले पाँचजना नाबालिकाको उद्धार गरेको छ। करैयामाई गाउँपालिका-१ हरैया गाउँबाट असोज २२ गते साँझ ५ बजे निस्किएका पाँचजना नाबालिकाको सन्दर्भमा हिजो बारा प्रहरीलाई खबर भएको र खोजी गर्दै जाँदा वीरगंज महानगर-६ राणीसती धर्मशालानजिर उद्धार गरिएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानले बताए।

उनले हरैयाबाट निस्किएका १३ वर्षीय एकजना, १४ वर्षीय दुईजना र १६ वर्षीय दुईजना गरी पाँचजना नाबालिकालाई रक्सौलतर्फ जाने क्रममा राणीसती धर्मशालाबाट उद्धार गरिएको बताए। बालिकासँग भारत, मोतीहारीका १८ वर्षीय कविकुमार पाल पक्राउ परेका छन्। उनको सन्दर्भमा थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले बताए।

उद्धार गरिएका पाँचैजना नाबालिकाहरूलाई प्रहरीले परिवारको जिम्मा लगाएको छ।

## विश्व दृष्टि दिवसको अवसरमा ज्येष्ठ नागरिकहरूको आँखा जाँच



तस्वीर: सौजन्य

प्रस, वीरगंज, २५ असोज/

विश्व दृष्टि दिवसको अवसरमा नेपाल नेत्रज्योति सङ्घ, पर्सा र केडिया आँखा अस्पतालको संयुक्त आयोजनामा बिहीवार वीरगंज-१५ स्थित ज्येष्ठ नागरिक पार्कमा ज्येष्ठ नागरिकहरूको निश्शुल्क आँखा परीक्षण गरिएको छ।

शिविरमा ३८ जनाको आँखा चेकजाँच गर्दा १३ जना मोतीबिन्दु भेटिएको चिकित्सक अञ्जली चौधरीले बताइन्। मोतीबिन्दुका बिरामीहरूको रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताल, परवानीपुरमा निश्शुल्क शल्यक्रिया गरिने सङ्घ, पर्साका सभापति भगवतीप्रसाद चौधरीले बताए।

चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा नेत्रज्योति सङ्घका केन्द्रीय सदस्य एवं ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेल, ज्येष्ठ नागरिक सङ्घ मधेस प्रदेशका संयोजक जगदीशप्रसाद शर्मा, नेपाल रेडक्रस सोसाइटी प्रदेश २ का अध्यक्ष फूलमहम्मद मियाँ, महन्तप्रसाद यादव, नेत्रज्योति सङ्घका उपाध्यक्ष मदनप्रसाद गुप्ता, सन्तोष जायसवाल, उमेश गुप्ता, उदयराज शर्मा, मधु राणा, समिता दास, सुनीता नेपाली, अञ्जु श्रेष्ठ, सुरेन्द्रबहादुर रञ्जीतकारलगायतको सहभागिता थियो। शिविरमा अञ्जली चौधरी, राजीव साह, चञ्चलबाबू केवटले प्राविधिक सहयोग पुऱ्याएको सङ्घ, पर्साका सदस्य राजन श्रीवास्तवले बताए।

## विचारसार र सूक्तिहरू

**बितेको प्रत्येक क्षण जीवनलाई बुझ्ने एउटा राम्रो अवसर हो र आउने प्रत्येक क्षण जीवन जिउने दोस्रो अवसर हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## दूध नलिने उद्योग

**कतै दूध बिक्री नहुने त कतै दूध नपाउने समस्या छ । पर्साको पर्सागढी नगरपालिकाका किसानले उत्पादन गरेको दूध त्यहाँ स्थित डेरी उद्योगले नलिने भनेछन् । पशुपालक पुराना किसानहरूले उत्पादन गरेको दूध लिन नै धौधौ भइरहेको हुँदा नयाँ किसानको दूध लिन नसक्ने डेरी उद्योगको भनाइ छ । पर्सा जिल्लाको वीरगंज महानगरका बासिन्दा अधिकांशले शुद्ध गाई वा भैंसीको दूध पिउन नपाएको गुनासो गर्छन् । पकेटको दूध त बिक्री भएकै छ, गाउँबाट जाने दूधका लागि डेरीहरूमा अबेरसम्म उपभोक्ताले कुरिरहेका हुन्छन् । शहरको कुरा नगरौं, जिल्लाका धेरै ग्रामीण क्षेत्रमा दूध नपाएर उपभोक्ता तनावमा छन् । ग्रामीण क्षेत्रमा पनि पशुपालक किसानहरू कम छन् । पर्सागढीलगायतका केही क्षेत्रमा पशुपालक किसान धेरै होलान्, त्यसैले त्यहाँ मनग्य दूध उत्पादन भएको छ । जहाँ दूध उत्पादन छैन, त्यस्ता स्थानका उपभोक्तासम्म दूध पुर्‍याउने व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित क्षेत्रका दुग्ध उद्योगको हो । बजार प्रवर्धनका लागि उद्योगलाई सरकारले पनि सहयोग गर्नुपर्ने हुन्छ । व्यावसायिकरूपमा नै उद्योग सञ्चालन गरिएको हो भने एकै जिल्लास्थित एक पालिकाबाट अर्को पालिकामा दूध बिक्री गर्नु असम्भव कुरा होइन । 'झोलामा खोला बोक्ने' भनेझैं प्रमाणपत्र लिने ठाउँ ओगट्ने, अरूलाई गर्न नदिने र आफू पनि निर्वाहमुखी बनेर बस्ने उद्योगहरू हो भने भन्नु केही छैन ।**

**हाल हाम्रो मुलुकमा सरदर दैनिक पाँच लाख लिटर दूधको अभाव छ । सामान्य अवस्थामा बजारमा दैनिक ३६ लाख लिटर दूधको आपूर्ति हुने गरेकामा अहिले करीब ३१ लाख लिटर मात्रै वितरण हुने गरेको छ । विसं २०७७ सालमा नेपाल सरकारले मुलुक दूधमा आत्मनिर्भर भयौं भनेर घोषणा गरेको थियो । सो घोषणाको दुई वर्ष नबित्दै बितेको आर्थिक वर्षदेखि भारतबाट पुनः दूध आयात हुन थालेको छ । दूध अभाव भएपछि कृषक सम्बद्ध सङ्घसंस्थाहरूले विरोध गरिरहेका भए तापनि दूध आयात गर्नुको विकल्प नरहेको ठहर गर्दै पुनः भारतीय दूधलाई स्वागत गरियो । मूलतः देशमा वार्षिक २३ लाख एक हजार टन दूध उत्पादन हुने सरकारी तथ्याङ्कले देखाएको छ । यसमा दूध उत्पादनको ४० प्रतिशत गाई र ६० प्रतिशत भैंसीको दूध उत्पादन हुने अनुमान गरिएको छ । दुग्ध विकास बोर्डको प्रतिवेदनमा उल्लिखित तथ्याङ्क अनुसार हाल वार्षिकरूपमा औसत दुई अर्ब रुपैयाँबराबरका विभिन्न दुग्धजन्य पदार्थ (पाउडर दूधसमेत) आयात हुँदै आएको छ । यसमा खासगरी चकलेट, ल्याक्टोजिन, हर्लिक्सजस्ता अन्य दुग्ध मिश्रण भएका खाद्यपदार्थ जोड्दा वार्षिकरूपमा चार अर्बसम्मका दुग्धजन्य पदार्थ आयात हुने गरेको देखिन्छ ।**

**यो अवस्थामा किसानको दूध बिक्री नहुनु वा दुग्ध उद्योगको दूध खरीद गर्न नसकिने कुरा आउनु गम्भीररूपमा खोज तथा अनुसन्धानको विषय बनेको छ । दुग्ध उद्योग सानो पूँजीबाट चलेको वा निर्वाहमुखी रूपमा चलेको छ भने उसले ठूलो परिमाणमा दूध सङ्कलन र वितरण गर्न सक्दैन । यस अवस्थामा अर्को उद्योगलाई स्वागत गर्न स्थानीय सरकार र कृषकले पहल गर्नुपर्छ । अर्कोतर्फ किसानसँग आफ्नो अनुकूल मूल्य तय गर्नका लागि उद्योगले बहानाबाजीको नाटक गर्न सक्छ । त्यसो पनि होइन भने नेपालमा उद्योग चलाएर उसले भारतीय पाउडर दूध आयात गरिरहेको हुन सक्छ । यो अवस्थामा स्थानीय सरकारले अनुगमन, अनुसन्धान तथा छानबीन गर्नुपर्छ ।**

# विश्वशक्ति बन्दै भारत

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**जुन देशलाई मेरो आफ्नो के हो भन्ने कुराको अनुभूति छैन त्यो कहिल्यै सफल हुन सक्दैन ? कमसेकम सनातन धर्म, संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने मामिलामा पनि हामीले भारतबाट केही सिक्नु आवश्यक छ । विश्वको एकमात्र हिन्दू देशको हाम्रो पहिचान अकारण मेटिएको छ ।**

वैश्विक स्तरमा कुनै पनि देशले आफ्नो सशक्त उपस्थितिलाई कसरी प्रस्तुत गर्न सक्दछ यसको सशक्त उदाहरण भारत हो । वैश्विक राजनीतिक तथा विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतको उपस्थिति र भूमिका अनिवार्य बन्दै गएको छ । भारतले आफ्नो सैन्य क्षमता, आर्थिक क्षमता, ज्ञान-विज्ञान र कौशल, आध्यात्मिक एवं सांस्कृतिक विरासत तथा कूटनीतिसमेत एकै साथ प्रयोग गरिरहेको छ । अमेरिका होस्, ब्रिटेन, रूस, चीन, क्यानडा होस् अथवा टर्कीलगायत कुनै इस्लामिक राष्ट्रले भारतमाथि दबाब बनाउन सक्दैनन् । शायद त्यही भएर होला पाकिस्तानका निवर्तमान प्रधानमन्त्री इमरान खानले आफ्नो सार्वजनिक मञ्चबाट नै भारतको विदेश नीतिको प्रशंसा गरेका थिए । भारत अहिले विश्वको उदाउँदो आर्थिक शक्ति मात्रै होइन, विश्वका प्रमुख शक्ति राष्ट्रहरूमध्ये एक हो । भारतले विश्वभरि निरन्तर आफ्नो प्रभाव बढाउँदै लगेको छ ।

क्यानडामा चुनावको समय नजीक आइसकेको छ । देशभित्र आफ्नो खस्कँदो लोकप्रियता र जनाधारबाट चिन्तित त्यहाँका प्रधानमन्त्री जस्टिन ट्रुडोले एकजना खालिस्तान समर्थक प्रभावकारी नेताको अप्रत्याशित मृत्युको विषयलाई राजनीतिक मुद्दा बनाउन खोजे । उनले सिख नेताको हत्यामा विनाप्रमाण भारतलाई मुछ्ने प्रयास गरे । उनलाई लागेको थियो कि क्यानडामा लाखौंको सङ्ख्यामा रहेका सिखहरू, जो आर्थिक रूपले पनि बलियो मानिन्छन्, उनीहरूले चुनाव जिताउन महत्त्वपूर्ण सहयोग गर्न सक्छन् । तर भारतले आफूमाथि लागेको आधारहीन आरोपको सशक्तरूपमा प्रतिकार मात्र गरेन, अपितु क्यानडालाई उसकै भाषामा कठोर जवाफ पनि फर्काउने काम गर्‍यो र कूटनीतिक स्तरमा सशक्त घेराबन्दी पनि । यसबाट जस्टिन ट्रुडोको लोकप्रियतामा झन् बढी ह्रास आउन थाल्यो ।

केही अघि भारतले ब्रिटिश राइफल टाइफूनको ठाउँमा फ्रान्सबाट राफेल लडाकू विमान खरीद गर्ने निर्णय लिंदा ब्रिटेनले सहायता रोक्ने घोषणा गरेको थियो तर भारतले यसको कुनै वास्ता गरेन । त्यसैगरी रूस-युक्रेन युद्धताका अमेरिकालगायत युरोपका अनेकौं देशले भारतलाई रूससित कच्चा तेल खरीद नगर्न सुझाव दिएका थिए तर भारतले यसको पनि वास्ता गरेन र आफ्नो देशको आर्थिक हितले प्राथमिकता पाउने हुँदा सोही अनुकूल निर्णय गर्‍यो र रूससित ठूलो मात्रामा इन्धन खरीद गरिरह्यो । नाटो र जी-७ का सदस्य क्यानडालाई भारतले यस्तो कडा जवाफ देला भन्ने कल्पना पनि क्यानडाले भरसक गरेको थिएन । इटली, जापान, फ्रान्स, जर्मनी, अमेरिका, ब्रिटेन र युरोपेली सङ्घले पनि प्रत्यक्षरूपमा क्यानडालाई समर्थन नगरेपछि राष्ट्रपति ट्रुडो ठट्टाका पात्र बनेका छन् ।

भारत अहिले विश्वको उदाउँदो आर्थिक राष्ट्र हो । विश्वका प्रमुख अर्थ व्यवस्थाहरूमध्ये एक हो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो देश आउँदो ५ वर्षभित्र विश्वको प्रमुख अर्थ व्यवस्था बन्ने विश्वास व्यक्त गरेका छन् । भारतको अर्थ व्यवस्था तीव्र गतिमा बढ्दै गएको छ । सम्भवतः निर्धारित पाँच वर्षभन्दा अघि पनि भारत तेस्रो अर्थ व्यवस्था बन्न सक्दछ । भारत विशाल उपभोक्ता बजार र पर्याप्त आर्थिक शक्ति भएको एउटा उदाउँदो मध्यम वर्ग पनि हो । स्मार्टफोनदेखि कारसम्मका उपभोक्ता उत्पादनको प्रमुख बजार भारत बन्न गएको छ । यी उपलब्धिहरूले भारतलाई अन्तर्राष्ट्रिय व्यापार र लगानीको निम्ति आकर्षक गन्तव्यको रूपमा स्थापित गरिरहेको छ । विकसित देशका प्रतिष्ठित कम्पनीहरूलाई यसबाट ठूलो लाभ हुन सक्दछ तसर्थ चाहेर पनि भारतको विरोध गर्न सक्दैन । सन् २०२० मा जति बेला चीन र भारतबीच सीमा क्षेत्रमा गतिरोध कायम थियो, त्यतिबेला पनि भारतले अनेकौं चिनियाँ कम्पनी र एप्समाथि प्रतिबन्ध लगाएर बेइजिङलाई ठूलो आर्थिक क्षति पुर्‍याएको थियो ।

प्रतिष्ठासँगै अन्तर्राष्ट्रिय स्तरमा भारतको विश्वसनीयता पनि बढेको छ । यो प्रतिष्ठा सद्भावनासित पनि जोडिएको छ । जसको प्रभाव एशिया र अफ्रिकासहित अनेकौं देशमा प्रस्टरूपमा देख्न सकिन्छ । कतिपय देश त भारतलाई आफ्नो भरपर्दो मित्रराष्ट्र र मार्गदर्शकको रूपमा पनि हेर्छन् । विश्वव्यापी मञ्चहरूमा भारतले तेस्रो दुनियाँको अथवा ग्लोबल साउथका देशहरूको पक्षमा गर्ने गरेको वकालतको प्रशंसा पनि गर्दछन् । जी-२० को नयाँ दिल्ली सम्मेलनमा भारतले अफ्रिकी सङ्घलाई जी-२० को सदस्यको रूपमा सामेल गराउनु यसको सशक्त उदाहरण हो ।

भारतको भ्याक्सिन कूटनीतिले पनि ठूलो भूमिका निर्वाह गर्‍यो र विश्वव्यापी रूपमा भारतलाई आफ्नो प्रभाव बढाउने अवसर प्रदान गर्‍यो । जबकि क्यानडा जस्ता विकसित देशले भ्याक्सिन उत्पादन नगरी स्टोरेज (जमाखोरी) गर्नका लागि आलोचनाको सामना गर्नुपर्‍यो । योग र आयुर्वेदजस्ता पद्धतिहरूको प्रभावमाथि पनि भारतको समृद्ध सांस्कृतिक विरासत र प्राचीन भारतीय ज्ञानको वैश्विकरूपमा प्रभाव परेको छ । आफ्नो सांस्कृतिक शक्तिको बलमा पनि भारतले विश्वलाई अभिभूत गरिरहेको छ । सनातन धर्म संस्कृतिको गौरवशाली विरासतलाई भारतले पुनर्स्थापित गर्न लागेको छ । हामी पनि सनातन धर्म संस्कृतिको विरासतमा वाहक हौं तर हाम्रो देशका राजनीतिज्ञहरूमा आफ्नो धर्म, संस्कृतिप्रति गौरव होइन, हीनताबोध भइरहेको छ । यहाँ युनिफिकेशन चर्चका प्रमुखको स्वागत गर्न र होली वाइन ग्रहण गर्न गर्वको अनुभूति हुन्छ, जबकि मन्दिर जान र देवताको प्रसाद ग्रहण गर्न सोच्नुपर्ने स्थिति देखिन्छ । आफ्नो धर्म, संस्कृति, गौरवशाली परम्परा र धरातलमा खुट्टा टेक्न नसक्ने देशले कहिल्यै प्रगति गर्न सक्दैन । जुन देशलाई मेरो आफ्नो के हो भन्ने कुराको अनुभूति छैन त्यो कहिल्यै सफल हुन सक्दैन ? कमसेकम सनातन धर्म, संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने मामिलामा पनि हामीले भारतबाट केही सिक्नु आवश्यक छ । विश्वको एकमात्र हिन्दू देशको हाम्रो पहिचान अकारण मेटिएको छ । धर्म निरपेक्ष देशमा मुस्लिम आयोग किन ? हिन्दू, सिख, जैन र बुद्ध आयोग किन होइन ? हाम्रो देश भारतभन्दा बढी लोकतान्त्रिक र धर्म निरपेक्ष छैन तर त्यहाँ पनि मुस्लिम आयोग छैन, नेपालमा यसको आवश्यकता किन महसूस भयो ? बुझ्न सकिएन ? अल्पसङ्ख्यक आयोग बरु बनाउन सकिन्छ ।

विश्वभरि फैलिएका करीब दुई करोड भारतीय आप्रवासीहरूले आफ्नो योग्यता र क्षमताको भरमा व्यापार प्रविधिदेखि राजनीतिक क्षेत्रमा समेत आफ्नो सशक्त उपस्थिति बनाएका छन् । गूगल, माइक्रोसफ्ट र आइबिएमजस्ता महत्त्वपूर्ण एवं प्रतिष्ठित कम्पनीहरूको प्रमुख भारतीय अथवा भारतीय मूलका छन् । ब्रिटेनका प्रधानमन्त्री ऋषि सुनक जब आफू हिन्दू भएकोमा गर्व महसूस गर्छन्, त्यस बेला सनातन धर्मको स्वीकार्यता पूरै विश्वका लागि महत्त्वपूर्ण हुन जान्छ । योग र हिन्दू धर्मशास्त्रहरू रामायण र गीताप्रति विश्व समुदायको बढ्दो आकर्षणले अवश्य नै हाम्रो उत्साह वर्द्धन गर्दछ ।

टर्की जस्ता भारतका कट्टर विरोधी पनि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य बनाउने माग गरिरहेको छ । भारतलाई संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य बनाउनुपर्ने पक्षमा चीनबाहेक सुरक्षा परिषद्का अन्य सबै सदस्य एकमत छन् । भारत विश्वव्यापीरूपमा आफ्नो प्रभाव बढाउँछ र विश्व शक्ति बन्ने निश्चित छ ।

# नियमित औषधिले नियन्त्रण हुन्छ बाथरोग

काठमाडौं, २५ असोज/रासस

आज नेपालसहित विश्वभर विश्व बाथरोग दिवस मनाइयो । यस वर्ष 'जीवनका हरेक चरणमा आरएमडी (र्‍युम्याटिक एन्ड मस्कुलोस्केलेटल डिजिज)सँगै बाँच्ने' भन्ने नाराका साथ दिवस मनाइयो । र्‍युम्याटिक एन्ड मस्कुलोस्केलेटल डिजिज हाडजोर्नी र मांसपेशी दुख्ने समस्या हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेशनल र्‍युम्याटोलोजी लिग (आइलार)को संयुक्त अध्ययनले जनसङ्ख्याको ३० प्रतिशतमा र्‍युम्याटिक एन्ड मस्कुलोस्केलेटल डिजिज (हाडजोर्नी र मांसपेशी दुख्ने रोग)को समस्या हुने गरेको देखाएको छ । त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड दुख्ने र घुँडा दुख्ने समस्या देखिएको अध्ययनले देखाएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका मेडिसिन विभागका प्रमुख डा बुद्धि पौड्याल बाथरोग विभिन्न रोगको सँगालो रहेकोले नियमित औषधि सेवन गरेर यसलाई नियन्त्रण गर्न सकिने बताउँछन् । "बाथ दीर्घरोग हो । यो औषधि खाएर निको हुँदैन । जीवनपर्यन्त रोग रहन्छ तर नियमति औषधि खाँदा नियन्त्रण गर्न सकिन्छ"-उनले भने-"त्यसैले बाथरोग नियन्त्रण गर्न सकिन्छ । तर यो सधैं रोग देखिइरहन्छ ।"

उनले वंशाणुगत र वातावरणीय प्रभावले बाथरोग लाग्ने बताए । धूलो, धूवाँ, चुरोट खाने, मदिरा सेवन, युरिक एसिड हुने खानेकुरा (माछा, मासु र बढी चिल्लो पदार्थ बढी खाँदा), पखाला लाग्दा, बढी तौल भएको, दाँतको समस्या, फोक्सोका रोगले गर्दा बाथरोग लाग्ने गर्दछ ।



बाथरोग हरेक उमेर समूहका मानिसलाई हुने उनी बताउँछन् । पाँचदेखि १५ वर्ष उमेर समूहकालाई मुटुको बाथज्वरो बढी हुने गर्दछ ।

नेपालमा दुईवटा बाथरोग बढी देखिने गरेको छ-हाडजोर्नी खिइने र आम बाथरोग । तीमध्ये आम बाथ कडा खालको बाथरोग हो भने हाडजोर्नीवाला बूढेसकालमा बढी हुने गर्दछ ।

बाथरोग विशेषज्ञ डा पौड्यालले आमबाथ रोग बढी महिलालाई हुने गर्दछ भने । उनका अनुसार दुईतिहाई महिला र एकतिहाई पुरुषलाई आमबाथ रोग लाग्ने गरेको छ । उनले ४० वर्षभन्दा माथिका महिलालाई आमबाथ रोग शुरूमा हाडजोर्नी दुख्ने, सुन्निन, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठ्ठी खोल्न र पार्न गाह्रो हुने समस्या हुने गर्छ । त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने गर्दछ । त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्दछ ।

बाथरोग विशेषज्ञ डा पौड्यालले समयमा औषधि खाएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्नेजस्ता समस्या हुने गर्दछ । नेपालमा पनि नेशनल बाथरोग सेन्टरले सन् २०२१ मा पाँच हजार जनसङ्ख्यामा गरेको अध्ययनले २६.८ प्रतिशत मानिसमा बाथलगायत हाडजोर्नी तथा मांसपेशी दुख्ने समस्या देखाएको छ । सेन्टरले काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, काभ्रे, मकवानपुर, मुस्ताङमा बाथरोगसम्बन्धी अध्ययन गरेको थियो ।

सो सेन्टरले विगत १० वर्षदेखि काठमाडौंको रातोपुलगायत देशका आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, मुस्ताङचोक पोखरा, झापाको शनिश्चरे रोड, बुटवलको सुख्खा नगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले बताए ।

उनका अनुसार नेपालमा करीब ८० लाख बाथरोगका बिरामी रहेको अनुमान गरिएको छ । तीमध्ये १० प्रतिशत जनसङ्ख्या मात्र सही उपचारको पहुँचमा छ ।

दिवसकै अवसरमा नेशनल बाथरोग सेन्टरले बाथरोगबारे जनतामा चेतना बढाउने, बाथरोगको समयमैं पहिचान गर्ने र बाथरोगको जटिलता रोकथाम गर्ने उद्देश्यले राजधानीका कोटेश्वर, मङ्गलबजार, जाउलाखेल, वसन्तपुर, स्वयंभु, महाराजगंज, बौद्ध र सिफलमा शरीरका विभिन्न भागमा लाग्ने बाथसम्बन्धी फोटो प्रदर्शनी र मोटरसाइकल र्‍यालीको आयोजना गरेको छ । ती स्थानमा बिहान ९ देखि बेलुका ६ बजेसम्म फोटो प्रदर्शनी हुन्छ ।

हातका औंला दुख्ने वा सुन्निने, बिहान उठ्ने बेला हात, खुट्टा वा जिउ कक्रक्क पर्ने, खुट्टाको बुढी औंला वरिपरि रातो भएर टेक्न नहुने, गोलीगाँठो दुख्ने र सुन्निने, राति तथा बिहान ढाड दुख्ने, बिहान ढाड दुख्ने, घुँडा दुख्ने र सुन्निने बाथरोगका लक्षण हुन् ।

त्यसैगरी बाथरोग भएका मानिसलाई कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झम्झमाउने, पिडौंला दुख्ने वा करकर खाने, जीउ गल्ने र छिटोछिटो थकान हुने, मासंपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चीसोमा काम गर्दा हात खुट्टा नीलो हुनेजस्ता लक्षण पनि देखिने गर्दछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## इजरायलको घटनाः कति सुरक्षित छ वैदेशिक रोगजार ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**सबै दलका नेताहरू, मुख्यगरी नेपाली राजनीतिका लागि बोझ बनेका नेताहरू जस्तै शेरबहादुर देउवा, माधव नेपाल, केपी ओली, पुष्पकमल दाहाल, झलनाथ खनाल आदिले मतभेद त्यागेर, मिलेर, देशमा आर्थिक विकास गरे धेरै रोजगार सृजना हुने थियो ।**

नेपाल अहिले शोकमा डुबेको छ। हुनत नेपाल शोकमा डुब्ने क्रम २०५२ सालदेखि नै प्रारम्भ भएको हो। माओवादीको तथाकथित जनयुद्धकालमा, जुन अहिले पद–पैसा युद्धमा रूपान्तरित भएको छ, नेपालीहरू शोकमा डुब्नु दैनिकीजस्तै थियो। माओवादी लडाकू पक्षका हुन् वा सुरक्षा कर्मचारीतर्फका, दोहरो द्वन्द्वमा जो मरे पनि शोक त नेपालीलाई नै पर्थ्यो। माओवादीका केही सीमित नेताहरूलाई शक्ति र सत्तामा पुऱ्याउन सोझासाझा युवा–युवतीहरूलाई माओवादी योद्धा बनाएर, उनीहरूलाई उपयोग गरेर, मच्चाइएको अति विध्वंसकारी त्यो अर्थहीन सङ्घर्षले लाखौं नेपालीलाई लाखौंपटक शोकमा डुबायो। बाँदरमुढाको घटना वा सैनिक ब्यारेकमा भएको हमला वा प्रहरी चौकीमा भएको आक्रमण होस्, सोझासाझा माओवादी लडाकूहरू मारिएका हुन् वा राज्यले दिएको जिम्मवारी पूरा गर्दा मारिएका सुरक्षाकर्मीहरू हुन्, यस्ता अनेक घटनाले नेपालीहरूलाई निकै रूआयो। अनेकौंपटक नेपालीहरू शोकमा डुबे।

अहिले यो पछिल्लो घटनाले नेपालीहरूलाई पुनः रूआएको छ, तर अर्कै किसिमबाट। केही दिन पहिले (अक्टोबर ७, २०२३) हमासले इजरायलमा गरेको आक्रमणमा परी एक दर्जनभन्दा बढी नेपालीको ज्यान गएको छ। केही दिन पहिले हमासले इजरायलको तेल अविव, जेरूसलमलगायत अन्य क्षेत्रमा गरेको आक्रमणमा परी इजरायलमा लगभग एक हजार व्यक्तिको ज्यान गएको अनुमान गरिएको छ। गाजा क्षेत्रबाट हमासले इजरायलतर्फ छाडेका पाँच हजारभन्दा बढी रकेटले हजारौंको ज्यान लिएको हो। हमासको त्यो हमलामा नै नेपालीहरू मारिएका हुन्। अध्ययन र रोजगारको क्रममा इजरायल गएका नेपालीहरूको इजरायलमा, इजरायल र हमासको दोहोरो भीडन्तमा यसरी विदेशी भूमिमा ज्यान गएको छ। अहिले पनि केही नेपाली सम्पर्कविहीन छन्। हताहती कति भयो भन्ने सङ्ख्या पछि यकीन भएपछि मात्र इजरायलमा कतिजना नेपालीको मृत्यु भयो भन्न सकिने स्थिति छ। ३०० भन्दा बढी नेपाली अहिले इजरायलबाट फर्कने मनस्थितिमा छन्।

रोजगारका लागि विदेश पुगेका नेपालीहरूको स्थानीय गृहयुद्ध, सङ्घर्ष वा द्वन्द्वमा परी यसरी ज्यान गएको यो पहिलोपटक भने होइन। यति ठूलो सङ्ख्यामा ज्यान गएको पनि पहिलो घटना होइन। रोजगारका लागि विदेश पुगेका नेपालीहरूको इजरायलमा जति बीभत्स किसिमले हत्या (रकेट प्रहारबाट) भयो त्योभन्दा बीभत्स किसिमले रोजगारका लागि विदेश पुगेका नेपालीहरूको इराकमा हत्या भएको थियो। सन् २००४ मा इराकको आतङ्कवादी समूह ‘अन्सार अल–सुन्नाका बन्दूकधारीहरूले १२ जना नेपालीको अति नै बीभत्स एवं हृदयहीन तरीकाले हत्या गरेका थिए। ती बन्दूकधारीहरूले १२ जना निर्दोष नेपालीलाई जनसमूह अगाडि ल्याएर हत्या गरेका थिए। हत्या गरेको दृश्यसमेत ती क्रूर हत्याराहरूले सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए। एकजना नेपालीको हत्या चक्कूले घाँटी रेटेर गरेका थिए भने एघारजनालाई गोली हानेका थिए। यो हत्या सुनियोजित एवं योजनाबद्ध रहेको ती बन्दूकधारीहरूले भनेका थिए र त्यस्तो पश्चिमी देशका नेताहरूलाई देखाउन गरिएको हो पनि भनेका थिए।

विदेशीहरू इराकी भूमिमा पसेर पश्चिमा देशहरूको सहयोग गरेको र इराकीहरूलाई मार्ने उद्योग गरेको हुनाले ती हत्यारा (विदेशीका सहयोगी) हरूलाई भगवानले दण्ड दिएको (हत्या गरेको) भनेका थिए। आफूहरूले केवल ईश्वरको आदेश पालना गरेको भनेका थिए।

अब यो लेखको आशय के हो त्यो उल्लेख गर्न चाहन्छु। नेपालमा अहिले जुन किसिमले वैदेशिक रोजगारलाई सजिलो र सुरक्षित ठानिएको छ, त्यति सजिलो र सुरक्षित छैन। वैदेशिक रोजगार दिनानुदिन कठिन र असुरक्षित हुँदै गएको छ। यी कुराहरू गम्भीरतापूर्वक आम पाठक एवं पाठकहरूमार्फत वैदेशिक रोजगारमा जान इच्छुक व्यक्ति एवं तिनका परिवारका सदस्यहरूलाई सूचित गर्नु नै यो लेखको आशय हो।

पुटिनको सत्ता र शक्ति जहिले पनि आफ्नो हातमा राख्ने महत्त्वाकाङ्क्षाले गर्दा विश्वभरि द्वन्द्व र सङ्घर्ष विस्तार हुन पुगेको छ। अहिले विश्व दुई खेमामा विभाजित भएको छ। हुनत यसरी विभाजित भएको यो पहिलोपटक भने होइन। शीतयुद्धकालमा पनि विश्व यसरी नै विभाजित भएको थियो। तर अहिले त्यो विभाजन विश्वभरि आतङ्क मच्चाउने किसिमले भएको छ। अहिले विश्व अमेरिका पक्षधर र अमेरिकाविरोधी गरी दुई पक्षमा विभाजित छ। युरोपियन युनियनका राष्ट्रहरू, भारत, साउदी अरेबियाजस्ता राष्ट्रले आफूलाई अमेरिकाको पक्षमा उभ्याएका छन् भने चीन, इरान, सिरिया, क्युबा, भेनेजुएला जस्ता राष्ट्र रूसको पक्षमा उभिएका छन्। र रूस अहिले विश्वभरि आतङ्क विस्तारमा लागेको छ। यस आरोपको पहिलो उदाहरण हो, एउटा सार्वभौमसत्ता सम्पन्न राष्ट्र युक्रेनमा आक्रमण गर्नु। युक्रेनमा रूसले आक्रमण गरेको होइन, भ्लादिमिर पुटिनले गरेका हुन्।

अब, यसरी बदलिएको परिस्थितिमा रोजगारको लागि विदेश जानु पूर्व नेपालीहरूले धेरै कुरामा विचार गर्नु आवश्यक छ।

वैदेशिक रोजगारमा जानुभन्दा पहिले आफू जाने देशको राजनीतिक स्थिति थाहा पाउनु आवश्यक हुन्छ। युक्रेन, सिरिया, सोमालिया, लेबनान, इजराइल, बर्मा, सुडान, लिबिया, यमन यस्ता देश हुन् जहाँ अनवरत सङ्घर्ष, द्वन्द्व एवं गृहयुद्ध भइरहेका छन्। त्यस्ता देशमा रोजगारका लागि जानु भनेको ठूलो जोखिम उठाउनु हो। त्यसकारण यस्ता देशमा जानुपूर्व त्यहाँ जान उचित छ कि छैन भनी सयौंपटक सोच्न, सरसल्लाह गर्न र अनेक जानकारी सङ्कलन गर्न आवश्यक हुन्छ। नेपालका ‘म्यान पावर कम्पनी’हरूले रोजगार उपलब्ध भएका देशहरूको सुरक्षा स्थितिबारे राम्रो जानकारी राखेका हुँदैनन्। कतिले त थाहा पाएर पनि भन्दैनन् र नाफाका लागि कामदारहरूलाई अति जोखिम क्षेत्रमा, देशमा जान उत्साहित र प्रोत्साहित गर्छन्।

रोजगारको लागि कस्तो देशमा जान थालेको हो भनी नेपाली युवाहरूले थाहा पाउन अति आवश्यक छ। विदेशी भूमिमा पुगेर, कस्तो मौसम एवं कानूनी वातावरणमा काम गर्नुपर्छ, त्यो पनि थाहा पाउन उत्तिकै आवश्यक छ। काम गर्ने तरीका नजानेर तथा मौसमको प्रतिकूलताका कारण अरबतिर काम गर्न गएका नेपालीहरू हजारौंको सङ्ख्यामा बिरामी परेका वा उनीहरूको मृत्यु भएको खबर सुनिएकै हो।

जोखिमपूर्ण काम गर्दा, दुर्घटनामा परेर, उचित किसिमले काम गर्न नजानेर पनि रोजगारका लागि विदेशी भूमिमा पुगेका हजारौं नेपालीको ज्यान गएको छ। र त्यसरी ज्यान जाने क्रम जारी छ। विदेशबाट बाकसमा बन्द भएर नेपालीहरूको लाश आउने क्रम र सङ्ख्यामा कुनै कमी आएको छैन। तर अफसोच ! यदि हुँदा पनि नेपालीहरू रोजगारको लगि विदेश जाने क्रम रोकिएको छैन। वैदेशिक रोजगारप्रति नेपालीहरूमा विकर्षण उत्पन्न हुन सकेको छैन। नेपालमा नै रहेर रोजगारको अवसर खोज्ने प्रवृत्ति नेपालीहरूमा उत्पन्न हुन सकेको छैन। द्वन्द्वग्रस्त, सङ्घर्ष, दोहोरो भीडन्त भइरहने देशमा समेत नेपालीहरू रोजगारका लागि जाने क्रम जारी छ।

सबैभन्दा उत्तम कुरा त रोजगारका लागि बाध्य भएर विदेश जानुपर्ने स्थिति नै नहोस्। देशभित्रै रोजगार उपलब्ध होस्। स्वार्थी नेताहरूले यो कुरा बुझिदिएर, विदेशी भूमिमा नेपाली कामदारहरूको मृत्यु हुँदा गोहीको आँसु चुहाउनुभन्दा देशभित्र रोजगार सृजना हुने वातावरण निर्माण गरिदिए हुन्थ्यो।

सबै दलका नेताहरू, मुख्यगरी नेपाली राजनीतिका लागि बोझ बनेका नेताहरू जस्तै शेरबहादुर देउवा, माधव नेपाल, केपी ओली, पुष्पकमल दाहाल, झलनाथ खनाल आदिले मतभेद त्यागेर, मिलेर, देशमा आर्थिक विकास गरे धेरै रोजगार सृजना हुने थियो। नेपालीहरूले स्वदेशमा, आफ्नै मातृभूमिमा नै बस्न पाउँथे। यसरी चराजस्तो झुन्डझुन्डा बनाएर नेपालीहरू रोजगारका लागि विदेशी आकाशतर्फ उड्नुपर्थेन। विदेशी भूमिमा मर्नुपर्थेन।

रोजगारका लागि विदेश पुगेका नेपालीहरूको हत्या हुनु र हत्या हुने क्रम जारी नै रहनु सामान्य होइन। अति असामान्य एवं दुःखदायी कुरा हो। तर शक्ति र सत्ताका लागि सदा षड्यन्त्र गर्ने हाम्रा लोभी–स्वार्थी नेताहरूले रोजगारका लागि विदेश पुगेका नेपालीहरूको हत्या हुनुलाई सामान्य रूपमा लिएका छन्। यसरी विदेशी भूमिमा मारिएका नेपालीहरूको आत्माले ती स्वार्थी नेताहरूलाई श्राप दिनेछ जसको कारण नेपालमा आर्थिक विकास हुन सकिरहेको छैन। नेपालीमा रोजगार सृजना हुन सकिरहेको छैन।

हाम्रा स्वार्थी नेताहरूले कहिले सुन्ने हुन् विदेशी भूमिमा रोजगारको लागि पुगेका नेपालीहरूको आर्तनाद ?

२०५२ सालदेखि नेपालको राजनीतिलाई अस्थिर पार्ने, आर्थिक विकासमा सदा बाधक बन्ने पुष्पकमलले कहिले सुन्ने हुन् नेपालीहरूको चित्कार ?

## मलेशिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या

जनकपुरधाम, २५ असोज/रासस

धनुषाका दुई स्थानीय तहमा गरिएको एक अध्ययनले मलेशिया र खाडी



तस्वीरः सौजन्य

मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या बढी हुन सक्ने देखाएको छ। बेलायतस्थित बर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र क्षीरेश्वरनाथ नगरपालिकामा गरिएको एक अध्ययनले नेपालमैं बसोवास गर्नेभन्दा खाडी मुलुक र मलेशियामा काम गरेर फर्केका आप्रवासी नेपालीमा मिर्गौला समस्या बढी हुन सक्ने देखाएको हो।

अध्ययनका क्रममा दुई वर्ष खाडीका छ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेशियामा काम गरी फर्केका तर नेपाल फर्केको एक वर्ष पूरा नगरेका आप्रवासी र नेपालमैं रहेका नागरिकबीच तुलना गर्दा त्यस्तो देखिएको अनुसन्धानकर्ता टोलीमा सहभागी डा निर्मल अर्यालले जानकारी दिए।

उनका अनुसार वैदेशिक रोजगारबाट फर्केका ७१८ जना (सबै पुरुष) र नेपालमैं रहेका ७२० जना (३७० पुरुष र ३४१ महिला) स्थानीयबीच तुलना गरिएको थियो। मिर्गौलाको अवस्था जनाउने सबैभन्दा महत्त्वपूर्ण परीक्षण मानिने ‘ग्लोमेरूलर फिल्ट्रेशन रेट’को क्षमता जाँच गर्दा आप्रवासीमा ५.८ प्रतिशत र गैरआप्रवासीमा ३.६ प्रतिशत कमी देखिएको डा अर्यालले जानकारी दिए।

“गैर आप्रवासीमा पनि कहिल्यै विदेश नगएका पुरुष र महिलाभन्दा पूर्वआप्रवासीमा बढी समस्या देखिएको छ। त्यसैगरी रगतमा क्रिएटिनिनको औसत पनि गैरआप्रवासीभन्दा आप्रवासीमा बढी देखिएको छ। उक्त परीक्षणले रगतमा क्रिएटिनिन भन्ने तत्त्वको मात्रालाई हेरी मिर्गौलाले एक मिनेटमा कति मात्रामा रगत छान्दछ भन्ने निक्योल गर्दछ र घट्दो दरले मिर्गौलाको कार्य क्षमतामा कमी आएको मानिन्छ। यसले पनि आप्रवासीहरूमा बढ्दो मिर्गौला समस्याको सङ्केत गर्दछ”–डा अर्यालले भने।

यस्तै मिर्गौला रोगको अर्को परीक्षण पिसाबमा प्रोटिनको मात्रा भने आप्रवासीभन्दा गैरआप्रवासीमा बढी देखिएको छ। खासगरी गैरआप्रवासी महिलामा यो समस्या बढी देखिएकोले यसको कारकतत्त्व खोज्न छुट्टै अध्ययन गर्नुपर्ने अध्ययनको निष्कर्ष छ।

त्यसैगरी अध्ययनले खाडी मुलुक र मलेशियाबाट फर्केका नेपाली आप्रवासीमा स्थानीय गैरअप्रवासीको तुलनामा उच्च रक्तचाप (आप्रवासी ३८ प्रतिशत, गैरआप्रवासी १९.४ प्रतिशत), मधुमेह (आप्रवासी ७४ प्रतिशत, गैरआप्रवासी ४.७ प्रतिशत) र बढी तौल वा मोटोपन (आप्रवासी ६७४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशत) को जोखिम निकै बढी रहेको देखिएको छ।

डा अर्यालका अनुसार मिर्गौलाको रोगको जोखिम उच्च भएकोमा सबैभन्दा धेरै लामो समयसम्म एकै स्थानमा काम गरेका कामदार, सुरक्षा गार्ड र सवारी चालक, प्रत्यक्ष घाममा, आउटडोर, धूलो–धूवाँमा काम गर्ने कामदारमा समेत यो समस्या धेरै पाइएको छ।

यस अध्ययनका सिलसिलामा रगत र पिसाबको नमूना लिइएको र त्यसपछि प्रश्नावली सोधिएको थियो। अनुसन्धान टोलीका अर्का सदस्य एवं मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका प्रमुख डा श्रवणकुमार मिश्रका अनुसार अध्ययनमा सहभागी करीब ९० प्रतिशत कतार, साउदी अरब र मलेशियामा कार्यरत थिए भने दुई तिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा कार्यरत थिए।

त्यसैगरी सहभागी आप्रवासीले औसतमा दैनिक १०.७ घण्टा काम गर्ने गरेको र ३०.९ प्रतिशतले औसतमा महीनाको एक दिन पनि बिदा नलिने गरेको बताएका थिए। यस्तै २४.८ प्रतिशतले शारीरिकरूपले भारी र लगभग आधा सहभागीले (४४.४ प्रतिशत) गर्मीमा काम गर्नुपरेको, करीब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी र शौचालयको सुलभ सुविधा रहेको बताएको डा मिश्रले जानकारी दिए।

“आप्रवासी मात्रै होइन, उनीहरूको परिवारका सदस्य (विशेषगरी पत्नी) मा पनि विभिन्न तनावका कारण धेरै समस्या हुन सक्ने देखिन्छ। यसर्थ आप्रवासीमा उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन देखिएकोले ती देशमैं यससम्बन्धी सचेतना जगाउन आवश्यक छ। त्यसका लागि नेपाली दूतावास र आप्रवासीको हकहितको लागि काम गर्ने सङ्घसंस्थाले पनि विशेष पहल गर्नुपर्छ”–डा मिश्रको भनाइ छ।

बर्नमथ विश्वविद्यालय र ग्रीनतारा नेपाल नामक गैरसरकारी संस्थाले बेलायतस्थित द कोल्ट फाउन्डेशनको आर्थिक सहयोगमा गरेको यस अध्ययनमा मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन (आइओएम) र बेलायतकै युनिभर्सिटी कलेज लन्डन (युसिएल) ले सहयोग गरेको जनाइएको छ। यस प्रकारको अध्ययन समुदायस्तरमा आप्रवासी नेपाली कामदार र गैरअप्रवासीबीच पहिलोपटक भएको दाबी गरिएको छ।

अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ता डा प्रमोदराज रेग्मी (बर्नमथ विश्वविद्यालय, बेलायत) र उनको टिममा अनुसन्धानकर्ता डा निर्मल अर्याल, प्रा डा एडविन भान तेजलिन्जिन, प्रा डा अरुण सेढाई, डा राधेश्यामकृष्ण केसी र डा श्रवणकुमार मिश्र सहभागी रहेका ग्रीन तारा नेपालले जनाएको छ।

## नारायणगढ–बुटवल सडकखण्ड विस्तारको काम सुस्त

मध्यविन्दु (नवलपरासी), २५ असोज/रासस

नारायणगढ–बुटवल सडकखण्ड विस्तार आयोजना अन्तर्गत पूर्वी खण्डमा अहिलेसम्म ४१.१७ प्रतिशत मात्र भौतिक प्रगति भएको छ।

पूर्व–पश्चिम राजमार्गको बुटवल–नारायणघाट सडकखण्डको नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोटदेखि दाउन्नेसम्मको ६४.४२ किलोमिटर सडकको भौतिक प्रगति मात्रै ४१.१७ प्रतिशत पुगेको हो। साढे तीन वर्षमा सडक निर्माणको काम सकिने र पाँच वर्षसम्म निर्माण कम्पनीले नै मरम्मत गर्ने गरी सम्झौता भएपछि २०७५ चैत ८ शिलान्यास गरिएको सडकको पटकपटक म्याद थप्दा पनि भौतिक प्रगतिले अपेक्षित गति लिन नसकेको हो।

गत २०७९ साउनमा आयोजनाको म्याद सकिएपछि एक वर्षको समय पाएको निर्माण कम्पनीले थपिएको म्याद सकिंदा आयोजनाको भौतिक प्रगति मात्रै १८ प्रतिशत थियो। थपिएको एक वर्षमा पनि आयोजनाले अपेक्षित गति लिन नसकेको टिप्पणी भइरहेको छ। म्याद थपिएको एक वर्ष सकिंदासम्म प्रगति मात्रै ३८ प्रतिशत पुगेको थियो। थपिएको समयमा पनि काम नसकिएपछि २०८० भदौ ११ गतेदेखि लागू हुनेगरी आयोजनाले काम सम्पन्न गर्न थप ३३० दिनको समय पाएको छ।

गत भदौ ११ गते तेस्रोपटक म्याद थपिएको एक महीनाको समयमा तीन प्रतिशत काम सम्पन्न हुँदा आयोजनाको पूर्वी खण्डको समग्र प्रगति ४१.१७ प्रतिशत पुगेको आयोजनाका पूर्वी खण्डका आयोजना व्यवस्थापक राकेश झाले बताए।

“पूर्वी खण्डमा कामदार प्राविधिक गरेर दैनिक ५९५ जना काम गरिरहेका छन् भने १३ वटा स्काभेटर, सात ग्रेडर, ११ वटा लोडर, चारवटा क्रेन, २८ टिपर, १० पानी बोक्ने ट्याङ्की तथा पाँच कङ्क्रिट बोक्ने गाडीले नियमित काम गरिरहेका छन्”–उनले भने–“थप गरिएको समयमा काम सम्पन्न गर्नेगरी निर्माण अगाडि बढाइएको छ।”

आयोजनाले सडक कालोपत्रे गर्ने कामलाई समेत निरन्तरता दिएको आयोजना व्यवस्थापक झाले बताए। उनका अनुसार अहिलेसम्म पूर्वी खण्डमा १६ किमी बाटो कालोपत्रे गरिएको छ। “नजीकिंदै गरेको चाडपर्वलाई ध्यानमा राखी भत्किएको बाटो मरम्मत गर्ने काम पनि अघि बढाइएको छ”–उनले भने–“गैंडाकोटदेखि भत्केको बाटो मरम्मत गर्ने र खाल्डाखुल्डी पुर्ने कामलाई निरन्तरता दिइएको छ।”

पूर्वी खण्डमा भएका साना पुलको काम सकिनुका साथै १२ ठूला पुलमध्ये ११ को सबस्ट्रक्चरको काम सकिएको सडक आयोजनाको पूर्वी खण्ड हेर्ने कार्यालयका सूचना अधिकारी एवं इन्जिनीयर धीरज ढकाले बताए। “पूर्वी खण्डमा ५० प्रतिशतको हाराहारीमा बिजुलीको पोल सार्ने काम सकिएको छ”–उनले भने–“बजार क्षेत्र तथा कार्यालय भएका क्षेत्रमा बिजुली सट डाउन गर्न

(बाँकी चौथो पातामा)

# समृद्धिको बाधक पूँजी पलायन

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**पूँजी बजारलाई भरपर्दो र विश्वसनीय बनाउन सकिएको छैन भने अनुदान र ऋणमा भर पर्दा पूँजी बलियो बन्न सकेको छैन। मुलुककै राष्ट्रिय ढुकुटी रित्तिनेगरी हुन थालेको पूँजी पलायनमा सरकार गम्भीर ध्यानाकर्षण हुनुपर्छ र यसैतर्फ राज्यको अर्जुनदृष्टि हुनुपर्दछ।**

मुलुकको आर्थिक विकास र समृद्धिका लागि ठूलो पूँजी लगानीको आवश्यकता हुन्छ। कृषि, ऊर्जा, उद्योग-व्यवसाय र भौतिक पूर्वाधार निर्माणलगायत क्षेत्रको विकासका लागि ठूलो पूँजी परिचालन गर्नुपर्ने आवश्यकता पर्छ। हुनत ससाना पूँजी परिचालनबाटै ठूलो पूँजी निर्माण हुने हो। तर अहिलेको खुला बजार अर्थतन्त्रमा राज्यको एक्लो लगानीबाट मात्र मुलुकले समृद्धिको मार्ग पच्छ्याउन सक्दैन। यसका लागि राज्यको सामर्थ्य पनि पुग्दैन। त्यसैले मुलुकले साँच्चीकै समृद्धिको मार्ग पहिल्याउने हो भने नागरिक तहदेखि नै उचित लगानी परिचालन, उद्यमशीलता, रोजगार सिर्जना, स्वरोजगार र आर्थिक गतिविधिको विस्तारमा सहभागिता जनाई अर्थतन्त्रको आकार वृद्धिमा योगदान बढाउन सक्नुपर्छ।

सामान्यतया सम्पत्ति वा रकम एउटा मुलुकबाट अर्को मुलुकमा बाहिरिने प्रक्रियालाई पूँजी पलायन भन्ने गरिन्छ। कर वृद्धिको कारण, बढ्दो महँगी वा अर्थतन्त्र अनिश्चित हुँदाको अवस्थामा पूँजी पलायन हुने गर्छ। नेपालमा हाल देखिएको तरलतासम्बन्धी समस्याको एउटा प्रमुख कारण पूँजी पलायन पनि हो। हुनत पूँजी तरलताको पछाडि अन्य कारणहरू पनि हुन सक्छ। जस्तै समयमा पूँजीगत खर्च नहुनु, अनुत्पादक क्षेत्रमा लगानी बढ्नु आदि। अहिलेको यस समस्याको पछाडि स्पष्टतः एउटा महत्त्वपूर्ण कारण पूँजी पलायन नै हो। अहिले नेपालबाट पूँजी पलायन हुने तीन प्रमुख स्रोत वा कारण देखिएको छ। पहिलो पछिल्लो समय रोजगार वा अध्ययनका लागि उच्च सङ्ख्यामा नेपाली युवाहरूले आफ्नो भविष्य तेस्रो मुलुकमा देख्नु हो। मूलतः अध्ययन शुल्क नै उच्च रहेको विदेशी मुलुकहरूमा स्वदेशबाट शुल्कको नाममा बाहिरिने रकम आफैं पूँजी पलायन हो।

त्यसबाहेक ठूलो सङ्ख्यामा नेपाली युवाहरू स्वदेशभन्दा तेस्रो मुलुकमा आफ्नो भविष्य सुरक्षित देख्छन्। स्वाभाविक रूपमा उनीहरूको मनसाय त्यतैतिर बसोवास गर्नेतिर उन्मुख हुन पुग्छ। उनीहरू यताको सम्पत्ति बेचेर स्थायीरूपमा त्यतैतिर बसोवास गर्नेतर्फ उन्मुख हुन्छन् र यहाँ बिक्री गरेको घरजग्गाको रकम विदेश लैजान्छन्। यसले गर्दा आफ्ना छोराछोरीलाई विदेश पठाउन उन्मुख मध्यम वर्ग पूँजी पलायनको प्रमुख कारक बन्दै आएको देखिन्छ। दोस्रो प्रमुख कारण ठूला लगानीकर्ताको ट्याक्स हेवन मुलुकप्रति आकर्षण हो। यस्ता ट्याक्स हेवन, करछल्ने माध्यम हुने भएकाले आकर्षणको केन्द्र बन्नु स्वाभाविक हो। स्वतन्त्र बैंकिङ प्रणाली भएर सञ्चालन र उत्पादन खर्च न्यून हुने भएकोले त्यहाँ ठूला-ठूला लगानीकर्ताको आँखा जाने गरेको छ।

नेपालजस्तो विकासोन्मुख मुलुक, जहाँबाट बाहिर लगानी गर्न कठिन हुन्छ, त्यहाँबाट बाहिर लगानी गर्नुपर्दा गैरकानूनी माध्यम नै प्रयोग गर्नुपर्ने बाध्यता रहन्छ, यसको पुष्टि प्यानमा पेपर्सले गरिसकेको छ। विनोद चौधरीकै लगानी त्यता भएको देखिंदा स्वदेशमा हुनुपर्ने लगानी त्यतै आकर्षित भएको सरह देखिने गरेको भेटिन्छ। हामी विदेशी लगानी आकर्षित गरेर आर्थिकरूपमा अव्वल हुनुपर्ने ठाउँमा झन् कमजोर बन्दै गएको देखिन्छ। स्वाभाविकरूपले बाटो सहज हुँदा लगानीकर्ताहरूले बाहिर लगानी गर्छन्, जसले ठूलो मात्रामा पूँजी पलायनमा सहयोगी भूमिका निर्वाह गरेको देखिएको छ। भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति नेपालमा राख्दा विभिन्न झन्झट हुने हुँदा सो रकम पनि विदेशमैं पठाइदिने परिपाटी पछिल्लो समय हावी भएको देखिन्छ। हुन्डी प्रयोग गरी सहजै पठाइने त्यस्ता रकम आजभोलि विदेशमा रहेका आफन्तलाई पठाइदिने परिपाटी रहेको विभिन्न अध्ययनले देखाइसकेको छ। उताबाट सोही रकम कानूनी मापदण्ड पूर्ति गरेर विप्रेषणको रूपमा आउने गरेको समाचार बेलाबखत देखिने गरेको छ। त्यसबाहेक नेपालीहरूले अहिले स्वीस बैंकमा गर्ने गरेको निक्षेप पनि सोही विषयको प्रमाण हो।

दक्षिण एशियामैं चौथो ठूलो निक्षेपकर्ता भनी चिनिएको नेपालमा यस वर्ष मात्र १०५ प्रतिशतले वृद्धि भएको तथ्याङ्क सार्वजनिक भएको छ। यसले पनि यहाँबाट ठूलो रकम पलायन भइरहेको पुष्टि गर्दछ। गैरकानूनी माध्यमबाट आर्जित ठूलो रकम विदेश पलायन हुने यो अवस्था पनि पूँजी पलायनको प्रमुख कारक बनेको छ। यसबाहेक नियमितरूपमा हुने आयातको ठूलो मात्रा नेपालको निमित्त पूँजी पलायनको प्रमुख कारक बनेको देखिन्छ। बिहान उठेदेखि प्रयोग गर्ने दन्तमञ्जनदेखि बेलुका सुत्ने खाटको तन्नासम्म, दिउँसो चढ्ने मोटरसाइकलदेखि त्यसमा प्रयोग हुने इन्धनसम्म आयात हुने हाम्रो मुलुकमा एउटा ठूलो रकम आयातकै कारण बाहिरिने गरेको अवस्था छ। नेपालमा गुणस्तरीय उत्पादन नहुँदा खाद्यान्नलगायत विभिन्न वस्तु र सेवामार्फत दैनिक ठूलो रकम मुलुकबाट बाहिरिने गरेको तीतो यथार्थ हामीले भोग्दै आएका छौं।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार मुलुकभित्र पूँजी सिर्जना निकै कमजोर अवस्थामा छ। पूँजी लगानी नै अवरुद्ध हुँदा आम नेपालीको चाहना- सबल र समृद्ध नेपालको रूपमा विकास हुन सक्दैन। पूँजी परिचालन भयो भने मात्र मुलुकभित्र आर्थिक गतिविधि बढ्छ, यसले उत्पाकत्व बढाउँछ र रोजगार सिर्जना गर्छ। अनि मात्र मुलुकको आर्थिक विकासको गति अगाडि बढ्छ। त्यसैले जुनसुकै नाम वा माध्यमबाट भइरहेको होस्, सबै किसिमको पूँजी पलायन रोक्न सरकार संवेदनशील भएर पूर्ण इमानदारिता र प्रतिबद्धताका साथ लाग्न सक्नुपर्दछ। नेपालमा कुल वैदेशिक लगानी प्रतिबद्धताको करीब ३० प्रतिशत मात्रै रकम मुलुकमा आउने गरेको पछिल्लो अध्ययनले देखाएको छ। यसले जस्तोसुकै लगानीयोग्य र उच्च प्रतिफल दिने तथा मुलुकका लागि अत्यावश्यक मानिने परियोजनाहरू ओगटिराख्ने परम्परा बढिरहेको बुझाउँछ। कुल वैदेशिक लगानी प्रतिबद्धताको करीब ३० प्रतिशत मात्रै लगानी हुनु भनेको प्रारम्भिक सम्झौता भएका परियोजनाबाट रकमगतरूपले ७० प्रतिशत नआउनु हो। तर पनि आइहाल्छ कि भनेर त्यसलाई रोकेर राख्नुपर्ने बाध्यता त छँदैछ। यसले स्वदेशी लगानी पनि हुन पाउँदैन भने विदेशी किन आएनन् भनेर गुनासो गर्ने ठाउँ पनि रहँदैन। यस्ता महत्त्वपूर्ण तर उच्च लगानीका परियोजनाहरू रोकिएको भए पनि प्रतिफल दिने क्रममा चाहिं उच्च हुन्छ। उच्च प्रतिफल दिन सक्ने अवस्था नरहेको परियोजनामा भने विदेशी लगानी पनि आकर्षित हुँदैन। यो विश्वभरिकै प्रचलन हो। यस्ता उच्च प्रतिफल नदिने परियोजनामा विदेशी लगानी नआउने र स्वदेशीका लागि पनि खुला हुन नसक्ने अवस्था आउनु भनेको मुलुकका लागि लगानी र आवश्यकताका दृष्टिकोणले घातक हुन जान्छ।

वास्तवमा प्रतिबद्धता अनुसार वैदेशिक लगानी भित्रिने क्रम ७० प्रतिशतले कम हुनु र अर्कोतर्फ नेपालबाट लगानीको प्रतिफलस्वरूप वर्षमा प्रत्यक्ष/अप्रत्यक्ष करीब २० प्रतिशतले बाहिरनु भनेको मुलुकको आर्थिक विकासको बाधकका रूपमा लिने गरिन्छ। प्रतिबद्धताका नाममा एकातर्फ यति ठूलो रकम लगानीयोग्य र आकर्षक प्रतिफल दिने क्षेत्रलाई ओगटिरहने र अर्कोतर्फ कुल एकतिहाई लगानीबाट वार्षिक यति ठूलो रकम बाहिरिंदै आएको अवस्था आउनु भनेको कुनै पनि राज्यका लागि चिन्ताको विषय हो। हुनत लगानीकर्ताले नाफाको अंश लानु स्वाभाविक हो। तर यो रकम स्वदेशमा नै रहेको भए अन्यत्र लगानीका लागि यो आन्तरिक स्रोत पनि बन्ने थियो। उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७९/८० मा लाभांशका नाममा वैदेशिक लगानीकर्ताले उक्त रकम लगेका हुन्। अघिल्लो वर्ष २०७८/७९ मा १३ अर्ब ८९ करोड रुपियाँ लाभांशका नाममा बाहिरिएको थियो। यसको अर्थ ती वैदेशिक लगानी अत्यधिक नाफामूलक क्षेत्रमा रहेको बुझिन्छ। त्यस्तै दूरसञ्चार क्षेत्रमा कार्यरत एनसेलले मात्रै कति रकम बाहिर लगिसक्यो भन्ने त्यसले तिर्ने करको रकम हेरे पुग्छ। केही वर्ष पहिले सर्वोच्च अदालतले नै कर मात्रैको दायित्व ४० अर्ब रुपियाँ रहेको भनी फैसला गरेको थियो। यति ठूलो कर तिर्ने संस्थाले निश्चय नै लाभांश पनि धेरै ठूलो मात्रामा लगेको देखाउँछ।

शिक्षा, स्वास्थ्य, बैंकिङ क्षेत्र, दूरसञ्चार, जलविद्युत् बढी प्रतिफल दिने क्षेत्र हुन्। खासगरी उत्पादनमूलक र बढी प्रतिफल दिने क्षेत्रमा मापदण्ड बनाएर स्वदेशी लगानीलाई प्रोत्साहन दिने वातावरण बनाइयो भने अर्बौंखर्बौं रकम बाहिरिनबाट रोकिन्छ। अर्कोतर्फ यस्तो रकम फेरि मुलुकभित्रै लगानी हुन जान्छ। मुलुकमा जति लगानी बढ्यो त्यसले एकातिर आत्मनिर्भरता बढाउँछ भने ठूलो मात्रामा रोजगार फस्टाउँछ। बाहिर जाने रकम विदेशी मुद्रामा हो। उद्योगमा लगानी भएको रकम स्वदेशमा नै रहेको अवस्थामा मुद्राको बचत पनि एउटा अर्को र त्यतिकै ठूलो उपलब्धि हो। हुनत विश्व बजारको आकार ठूलो भइरहेको अहिलेको समयमा पूँजी पलायन रोक्न त्यति सहज छैन। पूँजी बजारलाई भरपर्दो र विश्वसनीय बनाउन सकिएको छैन भने अनुदान र ऋणमा भर पर्दा पूँजी बलियो बन्न सकेको छैन। मुलुककै राष्ट्रिय ढुकुटी रित्तिनेगरी हुन थालेको पूँजी पलायनमा सरकार गम्भीर ध्यानाकर्षण हुनुपर्छ र यसैतर्फ राज्यको अर्जुनदृष्टि हुनुपर्दछ।



**सयपत्री फूलको माला:** सुर्खेतको गुर्भाकोट नगरपालिका-१४, गुमीमा सयपत्री फूलको माला बनाउँदै महिला। चाडपर्व नजीकिएसँगै फूलको माग पनि बढ्दै गइरहेको छ। तस्बिरः सुरेश आचार्य/रासस

# नेपालीलाई उद्धार गर्न इजरायल गएको विमान आज राति १:३० बजे आइपुग्ने

काठमाडौं २५ असोज/रासस

इजरायलमा हमास समूहको आक्रमणपछि स्वदेश फर्कन चाहने नेपाली नागरिकलाई उद्धार गर्न गएको नेपाल एयरलाइन्सको विमान भोलि शुक्रवार १:३० बजे काठमाडौं आइपुग्ने भएको छ। विमान २५३ नेपाली नागरिक लिएर इजरायलबाट काठमाडौंका लागि उडिसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

नेपाली नागरिकको उद्धारका लागि विमान आज बिहान ३:३० बजे दुबई हुँदै त्यसतर्फ प्रस्थान गरेको थियो। उद्धारका लागि परराष्ट्रमन्त्री नारायणप्रकाश साउद विमानमा आफैं इजरायल गएका थिए।



तस्वीरः रासस

इजरायलबाट स्वदेश फर्कन चाहने नेपाली ल्याउनका लागि नेपाल एयरलाइन्सको २७४ सिट क्षमता भएको वाइडबडी विमान इजरायल गएको हो।

शनिवार हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको निधन भएको थियो भने केही घाइते भएका थिए। एकजना नेपालीको अवस्था अझै अज्ञात

(बाँकी पाँचौं पातामा)

## नारायणगढ ...

समस्या हुने गरेकोले बिदाको दिन मात्रै बिजुलीको पोल सार्ने गर्नुपरेकाले काममा ढिलाइ भएको छ।"

चाइना स्टेट इन्जिनीयरिङ कर्पोरेशनले गैंडाकोटको नारायणी नदी पुलदेखि बुटवलसम्म ११५ किलोमिटर सडक आयोजनालाई दुई खण्डमा विभाजन गरेर ठेक्का सम्झौता गरिएको थियो। नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोटदेखि दाउन्नेसम्म ६४.४२ किमी सडकलाई खण्ड 'क' र दाउन्नेदेखि बुटवलसम्मको ४८.५८ किमीलाई खण्ड 'ख' कायम गरी विस्तारको काम भइरहेको छ।

सडक बस्ती क्षेत्रमा छ लेन र जङ्गल क्षेत्रमा चार लेन तथा दाउन्ने पहाडमा तीन लेन विस्तार गर्नेगरी एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा कुल रु १६ अर्ब ९९ करोड ५२ लाख लागतमा राजमार्ग विस्तार काम शुरू गरिएको हो। लागतको ८५ प्रतिशत रकम एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी नेपाल सरकारकै लगानीमा काम हुने आयोजनाले जनाएको छ। एडिबीले १.५ प्रतिशत ब्याजदरमा ३२ वर्षमा चुक्ता गर्नेगरी ऋण उपलब्ध गराएको हो।

साढे तीन वर्षमा सडक निर्माणको काम सक्ने र पाँच वर्षसम्म निर्माण कम्पनीले नै मरम्मत गर्नेगरी सम्झौता भएपछि विसं २०७५ चैत ८ गते बुटवल नारायणगढ सडकखण्ड विस्तार आयोजनाको काम अगाडि बढेको थियो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## हमास र इजरायलसँग सम्पर्कमा रहेको रेडक्रसको भनाइ



जेनेभा, २५ असोज/एएफपी

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)ले गाजामा रहेका बन्धकहरूलाई रिहा गराउन हमास र इजरायलसँग सम्पर्कमा रहेको बिहीवार बताएको छ।

गत शनिवार इजरायलमाथि हमासको अप्रत्याशित आक्रमणपछि सैनिक, सर्वसाधारण, बालबालिका र महिलासहित कम्तीमा १५० जना इजरायली र विदेशीलाई गाजापट्टीमा बन्धक बनाइएको छ।

"तटस्थ मध्यस्थकर्ताका रूपमा मानवीय भ्रमण गर्न, बन्धक र परिवारका सदस्यबीच सञ्चार सम्पर्क सुविधा उपलब्ध गराउन र कुनै पनि अन्तिम रिहाइका लागि हामी तयार छौं"–निकट र मध्यपूर्वका लागि आइसिआरसीका क्षेत्रीय निर्देशक फाब्रिजियो कारबोनीले एक विज्ञप्तिमा भने।

अन्तर्राष्ट्रिय मानवीय कानूनबमोजिम बन्धक बनाउन निषेध गरिएको भन्दै कारबोनीले कसैलाई पक्राउ गरेको भए तुरुन्तै रिहा गर्न र दुवै पक्षलाई नागरिकको पीडा हर्न आग्रह गरेको छ।

शनिवार हमासले गरेको आक्रमणको प्रत्युत्तरमा इजराइलले गाजामा लगातार आक्रमण गरेको छ र पानी, बिजुली र इन्धनको आपूर्ति बन्द गर्दै २० लाख जनसङ्ख्या भएको गरीब क्षेत्रमा पूर्णतः घेराबन्दी गरेको छ।

हमासले इजरायली आक्रमणमा चारजना बन्धक मारिएको बताएको छ। साथै उसले विनाचेतावनी नागरिकलाई लक्ष्य बनाएमा अरूलाई मार्ने चेतावनी दिएको छ।

टर्कीका राष्ट्रपति रेसेप तय्यप एर्डोगानले पनि बन्धकहरूको रिहाइका लागि हमाससँग वार्ता शुरू गरेको बुधवार सरकारी स्रोतले एएफपीलाई बताएको छ। शनिवारदेखि जारी युद्धमा दुवै पक्षका गरी हजारौंको ज्यान गएको छ। रासस

## शिखर सम्मेलनअघिको वार्ताका लागि इयू विदेश नीति प्रमुख चीनमा

साङघाई, २५ असोज/एएफपी

यस वर्षको नियोजित सम्मेलनको आधार निर्माण गर्दै आफ्नो सबैभन्दा ठूलो व्यापारिक साझेदारसँगको जोखिम व्यवस्थापनको खोजीमा युरोपेली युनियन (इयू)का विदेश नीति प्रमुख जोसेप बोरेल बिहीवार चीन आइपुगेका छन्।

इजरायल र हमासबीच युद्ध शुरू भएको केही दिनपछि यो भ्रमण भएको छ। उक्त युद्धले बोरेललाई युरोपेली विदेशमन्त्रीको आपत्कालीन बैठक गर्न प्रेरित गरेको थियो। चीनले सबै पक्षलाई 'युद्धविराम' गर्न आह्वान गरेको छ।

बोरेलको यो भ्रमणमा चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्ता हुनुका साथै द्विपक्षीय सम्बन्ध, विश्वव्यापी चुनौतीहरू र व्यापारलगायतका मुद्दामा छलफल हुनेछन्।

इयू-चीन उच्चस्तरीय वार्ताको पछिल्लो शृङ्खलामा यो भ्रमण यस वर्षको अन्त्यमा इयू-चीन शिखर सम्मेलनसँगै सम्पन्न हुनुपर्ने इयूले बताएको छ।

"मेरा समकक्षी विदेशमन्त्री वाङ यीसँग इयू-चीन रणनीतिक वार्ताको सहअध्यक्षता गर्न भर्खरै चीनमा ओर्लिएको छु," बोरेलले ट्विटरमार्फत भने, "सरकारी अधिकारीहरू, विद्वान् र व्यावसायिक प्रतिनिधिहरूसँग इयू-चीन सम्बन्ध तथा प्रमुख क्षेत्रीय र विश्वव्यापी चुनौतीहरूमा छलफल गर्न यो भ्रमण महत्त्वपूर्ण छ।"

गत फेब्रुअरीमा युक्रेनमाथि रूसी आक्रमणपछि इयू र चीनबीचको सम्बन्ध तनावपूर्ण छ। उक्त युद्धलाई चीनले भर्त्सना गर्न छाडेको छ। रासस

## अदालतले पक्राउ पुर्जी जारी गरेपछि पुटिन पहिलोपटक किर्गिजस्तानको भ्रमणमा

किर्गिजस्तान, २५ असोज/एएफपी/रासस

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन किर्गिजस्तान आइपुगेका छन्। गत मार्चमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेपछि उनको यो पहिलो विदेश भ्रमण हो।

युक्रेनी बालबालिकालाई देश निकाला गरेको अभियोगमा अदालतले पुटिनको खोजी गरिरहेको छ। आइसिसीका सदस्य राष्ट्रहरूमा राष्ट्रपति पुटिनले पाइला राखेको अवस्थामा ती देश उनलाई गिरफ्तार गर्न बाध्य हुनेछन्। यद्यपि किर्गिजस्तानले आइसिसीको सदस्यता लिएको छैन।

रूसी समाचार समितिहरू तास, इन्टरफ्याक्स र रिया नोभोस्तीले बिहीवार बिहान पुटिन किर्गिजस्तान आइपुगेको बताएका छन्।

स्वतन्त्र राष्ट्रहरूको राष्ट्रमण्डलको एक शिखर सम्मेलनमा भाग लिने सिलसिलामा राष्ट्रपति पुटिनले आफ्ना बेलारूसी सहयोगी अलेक्जेन्डर लुकासेन्को र अन्य क्षेत्रीय नेताहरूसँगै आफ्ना किर्गिज समकक्षी सादिर जापारोभसँग भेट गर्ने कार्यक्रम छ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेपछि उनले शायदै रूस छाडेका छन्। गत डिसेम्बरमा बेलारूस र किर्गिजस्तानको आफ्नो अन्तिम विदेश भ्रमणसँगै यसै वर्ष राष्ट्रपति पुटिनले रूसले युक्रेनको कब्जा गरेको भागको भ्रमण गरेका थिए।

अब उनले उत्तर कोरियाका साथै चीनको भ्रमण गर्ने योजना बनाइरहेका छन्। मस्कोले पुटिनलाई विदेशमा पक्राउ गर्ने सम्भावनालाई युद्धसँग तुलना गर्दै पक्राउ पुर्जीलाई 'गैरकानूनी' संज्ञा दिएको छ।

यद्यपि व्यवहारतः रूसले यसमा सावधानी अपनाएको छ। अगस्त महीनामा आइसिसी सदस्य मुलुक दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनमा भाग लिन रूसले पुटिनको सट्टा विदेशमन्त्री सर्गेई लाभरोभलाई पठाएको थियो।

युक्रेनमाथि पूर्णस्तरको आक्रमणपछि पुटिनलाई पश्चिमी दुनियाँमा अवाञ्छित व्यक्ति बनाइदिएको छ। आइसिसीको उक्त निर्णयले पुटिनका लागि संसारको ढोकाको ठूलो हिस्सा बन्द गरिदिएको छ। रोम विधानलाई १२३ मुलुकले अनुमोदन गरेका छन्। उक्त विधानलाई आइसिसीका सदस्यहरूले पालना गर्न आवश्यक छ।

ब्रिक्स सम्मेलनको आयोजक राष्ट्र दक्षिण अफ्रिकाले सम्मेलनमा भाग लिन पुटिनलाई निम्तो दिएपछि आइसिसीको सदस्यका हिसाबले उसका लागि कानूनी टाउको दुःखाइको विषय बनेको थियो। यद्यपि अन्तिम क्षणमा मस्कोले पुटिनको बदला विदेशमन्त्रीलाई पठाएको थियो।

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अलमल | वृष | चोरभय |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | धनखति | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**शव जलाउने आर्यघाट :** सप्तरीको विष्णुपुर गाउँपालिका–६, गौगामास्थित पश्चिमी नहरको किनारमा निर्माण गरिएको शव जलाउने आर्यघाट। उक्त घाट निर्माण कार्य सम्पन्न भएपनि सञ्चालनमा भने आएको छैन। तस्बिरः अरुणकुमार यादव/रासस

## एमालेको मधेस प्रदेशमा नेतृत्वका लागि चार आकाङ्क्षी

धनुषा, २५ असोज/रासस

नेकपा (एमाले)को प्रथम मधेस प्रदेश अधिवेशन बुधवारदेखि जनकपुरधाममा शुरू भएको छ।

उक्त प्रदेशमा सर्लाहीका राजनारायण साह, सिराहाका चन्देश्वर मण्डल, बिचारी यादव तथा धनुषाका राजकिशोर यादवले अध्यक्ष पदमा आकाङ्क्षा देखाएका छन्।

वर्तमान प्रदेश अध्यक्ष रामअवतार यादव सिराहा, सुखीपुर नगरपालिकाको प्रमुखमा निर्वाचित भएकाले उनी अध्यक्षमा दोहोरिन नपाउने पार्टीको निर्णय अनुसार अन्य नेता प्रतिस्पर्धामा उत्रिएका हुन्।

उद्घाटनसत्रपश्चात् बन्दसत्रमा प्रदेशको नेतृत्व सर्वसहमत चयन गर्ने प्रयास भइरहेको पार्टीका केन्द्रीय सचिव तथा मधेस इन्चार्ज योगेश भट्टराईले जानकारी दिए।

त्यसैगरी, सचिवका लागि सोमप्रसाद शर्मा, लक्ष्मीनारायण यादव र आरती भण्डारी आकाङ्क्षी हुन्। प्रचार विभाग प्रमुख सोमप्रसाद शर्माका अनुसार गएराति अबेरसम्म सहमतिमा नै नेतृत्व चयन गर्न छलफल भएको र अहिले बिहान पुनः ७ बजेदेखि छलफल भइरहेको छ। उनले छलफलमा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल, मधेस इन्चार्ज योगेश भट्टराई, कोशी इन्चार्ज रघुवीर महासेठ, धनुषा इन्चार्ज लीलानाथ श्रेष्ठ, महोत्तरी इन्चार्ज जुलीकुमारी महतोलगायत पोलिटब्युरो सदस्य छलफलमा सहभागी भएको बताए। प्रचार विभाग प्रमुख शर्माले अन्तिम समयसम्म सहमतिकै लागि पहल हुने बताए।

सचिव भट्टराईले मधेस प्रदेशको नेतृत्वका लागि चार नेता आकाङ्क्षी देखिए पनि सर्वसम्मत नेतृत्व चयन गराउने प्रयास भइरहेको र पार्टीमा तलदेखि माथिसम्म सबै एक ढिक्का रहेको सन्देश दिने उद्देश्यका साथ सर्वसम्मत गराउने प्रयास भइरहेको उनले बताए।

सचिव भट्टराईले सहमति नभए लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचन हुने जानकारी दिए। जनकपुरधाम तिरुहुतिया गाछीस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्र भवनमा भइरहेको प्रथम अधिवेशनबाट पाँच पदाधिकारीसहित २३५ जना निर्वाचित हुनेछन्। प्रदेश कमिटीमा एक तिहाइ महिला अनिवार्य गरिएकामा दलित, महिला, मुस्लिम, मजदूर, जनजाति र खुल्ला भूगोलबाट प्रतिनिधित्व गरिने भएको छ।

प्रदेशका आठ जिल्लामा चार/चार वटा निर्वाचन क्षेत्रबाट २० सदस्य र सङ्गठनको आधारमा पाँचदेखि १० जना थप गरी अधिवेशनका लागि खुल्ला तथा विभिन्न क्लस्टरबाट एक हजार २७ प्रतिनिधि छनोट गरिएको छ। उक्त अधिवेशन पार्टी अध्यक्ष केपी शर्मा ओलीले बुधवार शुभारम्भ गरेका थिए।

## वैकल्पिक सिंचाइ व्यवस्थाले किसानलाई राहत

महोत्तरी, २५ असोज/रासस

सिंचाइ अभावका कारण खेती गर्न नपाएका यहाँका किसानलाई नगर कार्यपालिकाले स्यालो टच्युबवेल जडान र मोटर पम्पसेट उपलब्ध गराएपछि राहत मिलेको छ। कार्यालयले बुधवार स्यालो टच्युबवेल जडान गरिएका ३० किसानलाई मोटर पम्पसेट उपलब्ध गराएको हो।

यसपालि अनुकूल वर्षा नभएर धानबाली लगाउन नपाएका किसानलाई सिंचाइको वैकल्पिक व्यवस्था भएपछि गहुँ र अन्य तरकारीबाली लगाउन सहज भएको छ।

"टच्युबवेलमा मोटर पम्पसेटको सहायताले सिंचाइ गरी गहुँ तथा तरकारी लगाउन सहज भएको छ," स्थानीय जैश शेखले भने।

नगरका नौवटा वडाका बस्तीमा वैकल्पिक सिंचाइ व्यवस्थाका लागि आवेदन दिएका किसानलाई उक्त टच्युबवेल र मोटर पम्पसेट खरीदमा नगर कार्यालयले ८५ प्रतिशत लगानी गरेको उनको भनाइ थियो।

उक्त कार्यक्रमका लागि रु ४५ लाख ४८ हजार खर्च भएको कार्यालयका योजना अधिकृत राजेशकुमार शर्माले जानकारी दिए। उनका अनुसार यसबाट १५० बिघा क्षेत्रफलमा सिंचाइ सुविधा पुग्नेछ।

यसअघि कार्यालयले फलफूल रोप्न, मखान बजार व्यवस्थापनमा सहयोगी सामग्री, दाइँ गर्ने यान्त्रिक उपकरणलगायत कृषि सामग्री उपलब्ध गराएको नगरप्रमुख हरिप्रसाद मण्डलले बताए।

गहुँ र अन्य तरकारीबालीका उन्नत बीउ पनि किसानलाई उपलब्ध गराउँदै आइएको उनको भनाइ थियो।

पालिकाले पाँच वर्षयता बर्सेनि मौसम अनुसार बाली लगाउन बीउ, जैविक मललगायत सामग्री दिँदै आएको किसान मेराज अन्सारीले बताए। यस्ता कार्यक्रममले किसानलाई राहत महसूस भएको उनको भनाइ थियो।

### नेपालीलाई उद्धार ...

छ।

इजरायलस्थित नेपाली राजदूतावासले नेपाली नागरिकलाई सुरक्षित स्थानमा सर्न र उद्धार हुन आग्रह गर्दै नेपाल फर्कन चाहने नेपालीहरूको विवरण अनलाइन रजिस्ट्रेशन प्रणालीमार्फत सङ्कलन गरिरहेको छ।

हालसम्म ३५० भन्दा बढी नेपाली नागरिकले आफ्नो विवरण उपलब्ध गराएका छन्। विवरण दिनेमध्ये २८८ जनाभन्दा बढीले नेपाल फर्कन चाहेको बताएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिए।

इजरायलमा हाल २६५ जना नेपाली विद्यार्थी अध्ययनरत रहेका र करीब चार हजार पाँच सय नेपाली अन्य विभिन्न पेशा र क्षेत्रमा कार्यरत रहेको मन्त्रालयको तथ्याङ्क छ। इजरायलमा हाल अध्ययन गरिरहेका २६५ जना नेपाली विद्यार्थी इजरायल सरकारको 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत त्यहाँ गएका हुन्।

यसमध्ये नेपालको कृषि विश्वविद्यालयबाट ११९, त्रिभुवन विश्वविद्यालयबाट ९७ र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना गएका थिए। यीमध्ये सुदूरपश्चिम विश्वविद्यालयबाट गएका ४९ मध्ये १७ जना नेपाली दक्षिण इजरायलको किबुज अलुमिममा अध्ययनरत थिए।

इजरायलबाट तत्काल शव ल्याउन भने कठिन देखिएको छ। इजरायली सरकारले युद्धको घोषणा गरेको अवस्थामा आक्रमणमा परी निधन भएकाहरूको शव हस्तान्तरणको कानूनी प्रक्रियाका कारण शव ल्याउन ढिलाइ हुने भएको हो। हालसम्म शवको परीक्षण हुन नसकेको र हस्तान्तरणसमेत नभएकाले विमानमा शव ल्याउन नसकिएको हो।

परराष्ट्र मन्त्रालयले सबै मृतकको शव इजरायली सरकारको संरक्षणमा सुरक्षित रहेको र मृतकहरूको शव यथाशक्य छिटो नेपाल ल्याउने जनाएको छ। इजरायल सरकारबाट शव हस्तान्तरणको प्रक्रिया समाप्त हुनेबित्तिकै उच्च प्राथमिकताका साथ शव नेपाल ल्याइ सम्बन्धित परिवारलाई हस्तान्तरण गरिनेछ।

### सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिबारे

बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ९ मा अगरबत्ती उद्योग स्थापनाको निमित्त सूर्य नेपाल भेन्चर्स प्रा.लि.को लागि हुन गइरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रयोजनार्थ तल उल्लिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ हुने भएकोले सरोकारवालाको उपस्थितिको लागि अनुरोध छ।

**मितिः २०८०/०६/२९ गते सोमवार**
**समयः दिउँसो १२:३०**
**स्थानः बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ९ को कार्यालय**

# स्वास्थ्य प्रमुखले ध्यान दिए विकृति हट्ने- मन्त्री यादव

प्रस, वीरगंज, २५ असोज/

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले अस्पताल, क्लिनिक पालिका तथा जनसङ्ख्या मन्त्रालयमा दर्ता छन्/छैनन्, त्यसको सम्पूर्ण जिम्मेवारी पालिकाको हुने बताएका छन् ।

वीरगंजमा बिहीवारदेखि शुरू भएको आव २०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको पर्सा जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठीको उद्घाटन गर्दै उनले पालिकाका स्वास्थ्य प्रमुखहरूले ध्यान दिए स्वास्थ्य क्षेत्रका विकृति हट्ने बताए । पालिकामा आधारभूत अस्पताल स्थापना गर्ने मधेस प्रदेश स्वास्थ्य मन्त्रालयको प्राथमिकता रहेको बताउँदै मन्त्री सिंहले हरेक पालिकामा आधारभूत अस्पताललाई व्यवस्थितरूपमा सञ्चालन गरी सेवा दिन आग्रह गरे ।




स्वास्थ्य कार्यालय, पर्साका वरिष्ठ स्वास्थ्य प्रशासक डा मुक्तिनारायण साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशका स्वास्थ्य सचिव प्रमोदकुमार यादव, प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रादेशिक आयुर्वेद चिकित्सालयका प्रमुख डा शिवनारायण गुप्ता, नेशनल मेडिकल कलेजका निर्देशक नुसरत जहान अन्सारी, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रनाउ ध्रुवकुमार श्रेष्ठलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले गरेका थिए ।

# विदेशबाटै मतदाता नामावली दर्ताका लागि कार्यविधि तयार

काठमाडौं, २५ असोज/रासस

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि, २०८० को मस्यौदा तयार गरी रायसुझाव मागेको छ ।

विदेशमा रही मतदाता नामावलीमा नाम दर्ता गर्न बाँकी रहेका नेपाली नागरिकलाई विदेशबाटै उक्त प्रणालीमा समावेश हुन सक्ने गरी तयार भएको मस्यौदालाई आयोगले आज वेबसाइटमा समावेश गरी सुझाव दिन आग्रह गरेको हो। मस्यौदामा आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्न मुलुक तोकी उक्त मुलुकको सम्बन्धित कूटनीतिक नियोगबाट दर्ता गर्ने केन्द्र तोक्ने प्रस्ताव गरिएको छ । दर्ताका लागि सम्बन्धित कर्मचारी तोक्न आयोगले परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने व्यवस्था गरिएको छ ।

विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणालीमार्फत फाराम भरी जैविक विवरण दिन आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्न सक्नेछन् ।

मस्यौदामा रहेका उक्त व्यवस्थालगायतका अन्य विषय थप परिमार्जन वा सुधारका लागि सुझाव दिन चाहने विदेश वा स्वदेशमा रहेका नेपाली नागरिक, गैरआवासीय नेपाली सङ्घ तथा अन्य सरोकारवालाले आउँदो कात्तिक मसान्तभित्र आयोगमा रायसुझाव उपलब्ध गराउन सक्नेछन् ।

# विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम




प्रस, वीरगंज, २६ असोज/

ट्राफिक जनचेतनासम्बन्धी कार्यक्रम माईस्थान विद्यापीठ विद्यालयमा सम्पन्न भएको छ ।

ट्राफिक चिह्नसम्बन्धी ब्यानर प्रदर्शन गरेर विद्यार्थीहरूलाई जानकारी गराइएको थियो । व्यवस्थित वीरगंज अभियान अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा र वीरगंज सामाजिक संस्था महासङ्घको सहकार्यमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई ट्राफिक नियमसम्बन्धी जानकारी गराइएको थियो ।

कार्यक्रममा ट्राफिक प्रहरी निरीक्षक भास्कर खतिवडा र व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीले विद्यार्थीहरूलाई ट्राफिक नियमबारे जानकारी गराएका थिए । कार्यक्रममा शिशु सर्राफ, आयुष गुप्तालगायतको सहभागिता थियो ।

सामुदायिक विद्यालयहरूमा संस्थाले ट्राफिक नियमसम्बन्धी ब्यानर राख्ने र संस्थागत विद्यालयहरू आफैंले राख्ने गरी व्यवस्थापन गर्ने संयोजक कार्कीले बताए ।




# खेलकूदको संसार

## एसिसी प्रिमियर कप क्रिकेट : नेपालले इरानलाई हरायो

काठमाडौं, २५ असोज/रासस

१९ वर्षमुनि एसिसी यू-१९ प्रिमियर कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपालले इरानलाई पराजित गरेको छ । मलेशियाको बान्गीमा बिहीवार भएको खेलमा नेपालले इरानलाई २७४ रनले पराजित गरेको हो । जीतका लागि ३५४ रनको विशाल लक्ष्य पछ्याएको इरान ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७९ रनमा समेटियो ।

इरानका लागि आमेर खोर्सन्दले ३७ रन बनाए। उनले २२ बलमा एक चौका र पाँच छक्कासहित ३७ रन बनाएका थिए। साबेर इब्राहिमपुर ४३ बलमा एक चौकासहित ११ रनमा नटआउट रहे। त्यसबाहेक अन्य इरानी ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

इरानलाई सस्तैमा समेट्ने क्रममा नेपालका दीपेश कँडेल र सुवास भण्डारीले समान तीन/तीन विकेट लिए। त्यस्तै, हेमन्त धामी र आकाश चन्दले समान दुई/दुई विकेट झारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ३५३ रनको योगफल बनाएको थियो। नेपालको इनिङमा कप्तान देव खनालले शतक प्रहार गरे भने दीपक बोहरा र दीपकप्रसाद डुम्रेले अर्धशतक बनाए ।

तेस्रो नम्बरमा क्रिजमा आएका कप्तान देवले ५०औं बल खेल्दै १२ चौका र चार छक्काको मदतमा एक सय रनको योगदान दिएका हुन्। त्यस्तै, दीपक बोहराले ५९ बलमा ६५ रन बनाए। उनले चार चौका र दुई छक्का हिर्काएका थिए। पाँचौं नम्बरमा क्रिजमा पुगेका दीपक डुम्रेले ४४ बलमा ६९ रन बनाए। देव र दीपकले तेस्रो विकेटका लागि १६६ रनको साझेदारी गरेका थिए ।

यसैगरी, दीपेश कँडेलले २९, हेमन्त धामीले २३, आकाश चन्दले १९ रन तथा सुभाष भण्डारीले १८ रन जोडे। इरानका दद्रहमान राइसीले र सलमान निज्मान्दले समान तीन/तीन विकेट लिए भने शेखी र जियाद राइसीले समान दुई/दुई विकेट लिएका थिए। अब नेपालले दोस्रो खेल यही असोज २८ गते बहराइनसँग खेल्नेछ

प्रतियोगितामा शीर्ष तीन टोलीले पाकिस्तानमा आगामी डिसेम्बरमा हुने एशिया कप खेल्न पाउनेछन्। एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा एशियाका विभिन्न १६ एशोसिएट टोलीले प्रतिस्पर्धा गर्दैछन्।

सो प्रतियोगितालाई विभिन्न चार समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा नेपालसहित बहराइन, साउदी अरेबिया र इरान छन् भने समूह 'बी'मा युएई, ओमान, कतार र चीन छन्। त्यसैगरी, समूह 'सी'मा सिङ्गापुर, कुवेत, थाइल्यान्ड र माल्दिभ्स तथा समूह 'डी'मा हङकङ, मलेशिया, जापान र इन्डोनोशिया छन्। प्रतियोगिताका शीर्ष तीन टोलीले आगामी डिसेम्बरमा पाकिस्तानमा हुने यू-१९ एशिया कप खेल्न पाउनेछन्।

## विश्वकप छनोट : नेपाल र लाओसबीचको खेल बराबरीमा सकियो

काठमाडौं, २५ असोज/रासस

विश्वकप छनोट २०२६ को प्रारम्भिक चरण अन्तर्गत पहिलो खेलमा नेपाल र लाओसले बराबरी खेल्दै अङ्क बाँडेका छन्।

त्रिपुरेश्वरस्थित दथरथ रङ्गशालामा भएको खेलमा दुवै टोलीले एक/एक गोलको बराबरी खेल्दै एक/एक अङ्क बाँडेका थिए । खेलमा लोओसले पहिलो हाफमा अग्रता लियो । खेलको ३३औं मिनेटमा लाओसका कप्तान बाउलपछान बोयनकोङले गोल गर्दै लाओसलाई सुरुआती अग्रता दिलाए। उनले चोनी वेनपासेर्थको पासमा नेपाली खेलाडीलाई छक्याउँदै गोल गर्न सफल भए। शुरूमा नेपालका अनन्त तामाङलाई छलाएका उनले तीन नेपाली खेलाडीलाई बिट गर्दै सुन्दर गोल गरे ।

खेलको ४९औं मिनेटमा नेपालका अञ्जन विष्टले बराबरी गोल फर्काए। उनले एरिक विष्टको कर्नरमा हेडर गोल गरेका हुन् ।

पहिलो चरणको विश्वकप छनोट दुई लेगको फर्म्याटमा खेलाइएको हो। जस अन्तर्गत नेपाल र लाओसबीचको दोस्रो लेगको खेल यही असोज ३० गते लाओसमा हुनेछ। यस खेलको विजेता विश्वकप छनोटको दोस्रो चरणमा पुग्नेछ।

# विद्यार्थीलाई पोशाक वितरण




प्रमोद यादव, पंचगावाँ, २५ असोज/

पटेर्वासुगौली गाउँपालिका-५ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय, मनिहर्वामा छात्रवृत्ति वितरण गरिएको छ ।

२५० जना बालबालिकाको लागि पालिकाबाट छात्रवृत्तिबापत प्राप्त रु ५८ हजार आठ सय रकमबाट पोशाक खरीद गरी वितरण गरिएको हो ।

कार्यक्रममा वडाध्यक्ष विपिन मुखिया, वडासदस्य मदन मिश्र, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भुप्रसाद थारू तथा प्रधानाध्यापक हरिराजप्रसाद यादवलगायतको सहभागिता थियो ।

# ब्रह्माकुमारीद्वारा श्रद्धाञ्जलिसभा




प्रस, वीरगंज, २६ असोज/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ओमशान्ति भवन, बिर्तामा श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ ।

इजरायलमा हमासको आक्रमणबाट दिवङ्गत नेपालीहरूको आत्मा शान्तिको कामना गर्दै श्रद्धाञ्जलिसभा गरिएको थियो ।

ब्रह्माकुमारी बेली दिदीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष बैजु स्वर्णकार, प्रदीप चौरसिया, अवधकिशोर, सामाजिक कार्यकर्ता प्रकाश थारूलगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

# पासो लगाएर महिलाद्वारा आत्महत्या

प्रमोद यादव, पंचगावाँ, २५ असोज/

जगरनाथपुर गाउँपालिका वडा नं १ पाण्डेपुर बस्ने असलम मियाँ धोबीकी २० वर्षीया पत्नी शबनम खातुनले पासो लगाएर आत्महत्या गरेकी छन्। घरमा कोही नभएको बेलामा उनले पासो लगाएर आत्महत्या गरेको र घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए । उनको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंज लगिएको छ ।

# किशोरीलाई करणी गरेको आरोपमा आलम पक्राउ

प्रमोद यादव, पंचगावाँ, २५ असोज/

जबरजस्ती करणीको आरोपमा इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले एकजनालाई पक्राउ गरेको छ ।

प्रहरी निरीक्षक रामराजा केशरी नेतृत्वको टोलीले सूचनाको आधारमा जीराभवानी गाउँपालिका वडा नं १ बस्ने १९ वर्षीय सैयद दिलसाद आलम हिजो बुधवार घरबाट पक्राउ परेका थिए ।

२०७९/०३/१८ गते एकजना नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पर्सा जिल्ला अदालतबाट कैद सजाय भएपछि फरार रहँदै आएका आलमलाई सूचनाको आधारमा पक्राउ गरिएको प्रनि केशरीले बताए। उनलाई पर्सा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

**नागरिकको कर्तव्य पूरा गरौं**

**भ्रष्टाचार र अनियमितताविरुद्धमा उजूरी गरौं।**

- घूस लिने र दिने दुवै अपराधी हुन् ।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।

**तसर्थः**

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजूरी दिऔं ।
- विकास निर्माणका आयोजनाहरूमा प्राविधिक परीक्षण गराऔं ।
- सार्वजनिक खरीद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं ।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड